का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ भदौ २०८२
मंगलबार
2 September 2025
Tuesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक २१२ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# बिचौलियाको कब्जामा वित्तीय क्षेत्र

## सरकार नै सहयोगी !

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १६ भदौ

आर्थिक तथा वित्तीय क्षेत्रमा सरकारकै संरक्षण र मिलेमतोमा बिचौलियाको रजगज चल्दै आएको छ। अर्थतन्त्रको एउटा महत्वपूर्ण क्षेत्र बिमा प्राधिकरण र धितोपत्र बोर्डमा पछिल्लोपटक सरकारकै संलग्नतामा बिचौलियाको चलखेलले बढ्दै जाँदा आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव परेको हो ।

आर्थिक सुशासनले समग्र देश विकास र अर्थतन्त्रलाई सही गतिमा अघि बढ्न सघाउँछ। तर यी संरचनामा असल, सक्षम र योग्यभन्दा बिचौलियाकै पक्षपोषणमा पृष्ठ २ मा




### बिमामा पोखेल-ओझा प्रकरण

गत चैत १ देखि लागू हुनेगरी बिमा प्राधिकरणको सञ्चालक सदस्य नियुक्त भएकी राधा पोखरेलले पाँच महिनापछि पारिवारिक र स्वास्थ्यको कारण देखाउँदै साउन ७ मा राजीनामा दिइन् । अर्थमन्त्री विष्णु पौडेलले मन्त्रिपरिषद् बैठक छलेर मन्त्रीस्तरीय निर्णयमार्फत उनलाई नियुक्ति दिएका थिए । जुन प्रक्रिया नै अवैध भएको बताइएको छ । यसअघि उनलाई विशाल बजार कम्पनीमा अर्थमन्त्री पौडेलले नै नियुक्ति दिएका थिए । जुन कम्पनीको साधारण सभासमेत बस्न नसकेर विवादमा फसेको छ ।

त्यस्तै, सरकारले गत फागुन १२ गते शरद ओझालाई बिमा प्राधिकरणको अध्यक्षमा नियुक्त गरेको थियो । अर्थमन्त्री पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको जोडबलमा ओझाले प्राधिकरणको अध्यक्षमा नियुक्ति पाएका थिए ।

तर उनको अनुभव नपुगेका कारण अख्तियारले अनुसन्धान थालेपछि ३० असारमा निलम्बन गरेर भदौ २ मा उनलाई बर्खास्ती गरेको छ । प्राधिकरणको अध्यक्ष बन्न उनले अनुभवको फर्जी कागजात पेस गरेको पुष्टि भएपछि उनी बर्खास्तीमा परेका हुन् । ओझालाई पनि व्यवसायी दीपक भट्टको जोडबल सरकारले नियुक्ति गरेको थियो ।

### धितोपत्र बोर्डमा भट्टको कब्जा

दीपक भट्ट समूहको चर्को दबाब र लबिइङमा सरकारले धितोपत्र बोर्डको अध्यक्षमा स्याङ्जाका सन्तोषकुमार श्रेष्ठलाई नियुक्ति गरेको थियो। २०८१ मंसिर १० मा बसेको मन्त्रिपरिषद् बैठकले रिक्त रहेको ११ महिनापछि श्रेष्ठलाई नियुक्त गरेको थियो ।

नयाँ स्टक एक्सचेन्जको लाइसेन्स हडप्ने ध्याउन्नमा रहेको भट्ट समूहले आफ्ना विश्वासपात्र एवं पृष्ठ २ मा

### सिडिएससी पनि राजनीतिक कब्जामा

धितोपत्र बोर्डपछि नेपाल स्टक एक्सचेन्जको भगिनी संस्था सिडिएस एन्ड क्लियरिङ लिमिटेडमा राजनीतिक कब्जा छ । प्रधानमन्त्री ओलीसँग निकटस्थ सम्बन्धमा रहेकी प्रविण पन्दाक एमालेको भ्रातृ संगठन युवा संघ नेपालका अध्यक्ष क्षितिज थेवेकी फुपुसमेत हुन् । अर्थमन्त्री पौडेलसँग पनि उनको निकटस्थ सम्बन्ध छ । सोही सम्बन्धलाई बिचौलियाको दबाबमा पन्दाक सिडिएससीको पृष्ठ २ मा

# जापानिज इन्सेफ्लाइटिसले तराई त्रसित

## ११ महिनामा २३ जनाको मृत्यु


मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, १६ भदौ

जापानिज इन्सेफ्लाइटिस नामक संक्रमणले तराई क्षेत्रमा बसोबास गर्ने नागरिकहरू त्रसित भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार तराईका ३६ जिल्लामा जापानिज इन्सेफ्लाइटिस संक्रमण फैलिइसकेको छ। विगतका वर्षहरूमा भन्दा यस वर्ष यसको संक्रमण फैलिनेक्रम तीव्र रहेको छ ।

यस संक्रमणबाट सन् २०२५ को ११ महिनामा २३ जनाको मृत्यु भएको छ । मृत्यु भएका सबै तराई क्षेत्रका जिल्लाका नागरिक हुन् । संक्रमणबाट मृत्यु भएकामध्ये अधिकांश ४० वर्ष माथिका छन् ।

परिवार कल्याण महाशाखाकाअन्तर्गतको खोप शाखाका अनुसार विगतका वर्षमा जेई संक्रमण देखिए पनि मृत्युदर उच्च थिएन । पछिल्लो वर्ष मृत्यु हुनेको संख्या बढेको हो । अघिल्लो वर्ष जापानिज इन्सेफ्लाइटिसबाट २५ जनाले ज्यान गुमाएका थिए । यस वर्ष मृत्यु हुनेको संख्या बढेको हो । यस वर्ष यस संक्रमणबाट लुम्बिनी, पृष्ठ २ मा

सन २०२५ को ११ महिनामा जापानिज इन्सेफ्लाइटिस नामक संक्रमणबाट २३ जनाको मृत्यु भएको छ । मृत्यु भएका अधिकांश तराई क्षेत्रका जिल्लाका नागरिक हुन् । मृत्यु भएकामध्ये प्राय: ४० वर्ष माथिका छन् ।



# असन्तुष्टि पन्छाउँदै शिक्षा विधेयक पारितको तयारी

जानकी पाठक/मध्यान्ह
काठमाडौं, १६ भदौ



सरोकारवालाको असन्तुष्टिका बीच सरकार विद्यालय शिक्षा विधेयक पारित गर्ने तयारीमा जुटेको छ । सभामुखसहित राजनीतिक दलका प्रमुख सचेतकहरूले विद्यालय शिक्षा विधेयक भदौ २६ गते पारित गर्ने कार्यसूची तयार भइरहँदा निजी विद्यालय सञ्चालकदेखि सामुदायिक विद्यालयका शिक्षक-कर्मचारीहरूले आफ्ना माग पूरा गराउन सरकारलाई दबाब बढाएका हुन् ।

प्रतिनिधि सभाबाट पारित हुने तयारीमा रहेको विद्यालय शिक्षा विधेयकमा आफ्ना माग समेट्न दबाब दिँदै निजी विद्यालय सञ्चालकहरूको संस्था प्याब्सन, हिसान, अपेनलगायतले आन्दोलन गर्दै आएका छन् । विधेयकमा व्यवस्था गरिएको निजी विद्यालयलाई गैरनाफामूलक बनाउने, विद्यार्थी संख्याका आधारमा आवास, यातायातसहितको पूर्ण छात्रवृत्ति उपलब्ध गराउनुपर्नेजस्ता प्रावधान सच्याउनुपर्ने उनीहरूको माग छ । त्यसैगरी, सामुदायिक विद्यालयमा कार्यरत २१ थरीका शिक्षक र कर्मचारी पनि सरकारसँग भएको सहमतिअनुरूप विधेयक नआएको भन्दै पुनः सडकमा उत्रिएका छन् ।

विद्यालय शिक्षा विधेयकप्रति आपत्ति जनाउँदै नेविसंघ, अनेरास्ववियुसहित १७ विद्यार्थी संगठनले सोमबार संयुक्त प्रेस विज्ञप्ति सार्वजनिक गरेका छन् । उनीहरूले विधेयकले शैक्षिक निजीकरणलाई प्रोत्साहन गर्ने, सार्वजनिक शिक्षा प्रणालीलाई कमजोर बनाउने र युवालाई विदेश पलायनतर्फ धकेल्ने खालको प्रावधान राखिएको भन्दै तत्काल परिमार्जन गर्न माग गरेका छन् ।

संगठनहरूले संविधानको मर्मअनुसार आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म पूर्ण निःशुल्क शिक्षा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् । साथै सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि तीनै तहका सरकारलाई वार्षिक बजेटको कम्तीमा २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्न माग गरिएको छ । विद्यार्थी संगठनहरूले शिक्षा क्षेत्रमा व्यापारीकरण अन्त्य गरी नयाँ निजी विद्यालय खोल्न दिने अनुमति सदाका लागि रोक लगाउनुपर्ने पनि माग गरे ।

संविधानको मर्मअनुसार आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म पूर्ण निःशुल्क शिक्षा भनिए पनि सरकारले ल्याउन लागेको विधेयकमा फेरि पनि निजी विद्यालय सञ्चालकलाई फाइदा पुग्नेगरी अघि बढेको विद्यार्थी संगठनका नेताहरूले बताएका छन् । बालविकासलाई विद्यालय शिक्षाभित्र समावेश गरी त्यहाँका शिक्षकलाई शिक्षककै हैसियत दिने, शिक्षक सरुवासम्बन्धी प्रावधान लचिलो बनाउने, शिक्षण गुणस्तर अभिवृद्धिका लागि टिचर्स एकेडेमी स्थापना गर्ने र छात्रवृत्ति पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# साउदी अरेबियासँग श्रम समझदारी गर्ने सरकारको निर्णय

मध्यान्ह संवाददाता
काठमाडौं, १६ भदौ

नेपाल र साउदी अरेबियाबीच श्रम गर्ने सरकारले निर्णय गरेको छ । यसका लागि सम्झौतापत्रमा हस्ताक्षर गर्न मन्त्रिपरिषद्ले स्वीकृति दिएको छ। साउदी सरकारको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालय र नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच सम्झौतापत्रमा छिट्टै नै हस्ताक्षर हुने तयारी भएको छ ।

सन् २०१० देखि नै साउदीसँग श्रम सम्झौताको प्रयास हुँदै आएकोमा लामो समयको प्रयासपछि श्रममन्त्री शरतसिंह भण्डारीले यसलाई अन्तिम रूप दिएका हुन् । लाखौं नेपालीको वैदेशिक रोजगार गन्तव्य रहेको साउदी अरेबियासँग श्रम समझदारी गर्न बाटो खुलेको मन्त्री भण्डारीले बताए । यस सम्झौताले नेपाली श्रमिकले अन्तर्राष्ट्रिय मानवअधिकारको सिद्धान्तअनुसारका अधिकार प्राप्त गर्ने र 'इम्प्लोयर पे मोडल'अनुसार सुविधा प्राप्त गर्नेछन् । सबै श्रम गन्तव्य मुलुकसँग गरिने श्रम सम्झौतामा नेपाली श्रमिकको आवश्यकता र प्राथमिकता तथा मानवअधिकारलाई केन्द्रमा राखिने मन्त्री भण्डारीले जानकारी दिए ।

श्रम सचिव डा. कृष्णहरि पुष्करले वैदेशिक रोजगारीमा जाने नेपालीको उचित संरक्षण, सुरक्षित रोजगारी र श्रम शोषणको विषयमा नेपाल सरकारले गम्भीर रूपमा विश्लेषण गरिरहेको बताएका छन् । मन्त्रालयले विगतमा भएका श्रम समझदारीपत्रहरूको समेत विस्तृत समीक्षा गरिरहेको बताउँदै पुष्करले श्रमिक पठाउने मुलुकमा श्रम शोषण र मानवअधिकार उलंघनका विषयमा नेपाल सरकारले शून्य सहनशीलता नीति अपनाइएको बताए । नेपाल वैदेशिक रोजगार व्यावसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले नेपाल-साउदी श्रम सम्झौता स्वागतयोग्य रहेको बनाउँदै अन्य मुलुकमा समेत यस्ता सम्झौता गर्न सुझाव दिएका छन् । पृष्ठ २ मा

### ४० हजार नेपाली महिला कुवेतमा बेचिएको आरोप

**काठमाडौं/मस-** राष्ट्रिय सभा सदस्य नरबहादुर विष्टले भिजिट भिसामार्फत ४० हजार नेपाली महिलालाई कुवेतमा लगेर बेचिएको बताएका छन् । राष्ट्रिय सभाको सोमबारको बैठकमा बोल्दै सांसद विष्टले भिजिट भिसामा जाँदा अहिले पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन विभागका कर्मचारीलाई १ लाख घुस दिनुपर्ने विवरण जानकारीमा आएको बताए ।

नेपालबाट अवैधानिक रूपमा लगेर कुवेतको एउटा घरमा बन्धक बनाएर राखी शोषण गरिएको बताए । ठुलो संख्यामा महिला बेचिएको विषयबारे सरकार र गृह मन्त्रालयले सदनलाई जानकारी दिन नचाहेको बताए । उनले समस्यामा परेकालाई तत्काल उद्धार गर्न पनि जोड दिए । कुवेतको घरेलु श्रम पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
- Reception + Social Media Handler - 1 (Female) (Salary - 20000 +)
- Office Secretary - 1 (Female) (Salary - 30000 to 40000)
- Public Relation Officer (PRO) - 5 Male / 5 Female (Salary Negotiable)

Requirements:-
- Minimum 2 Years Experienced in Related Fields.
- Priority will be given for Manpower Experienced.

Send Your CV at sunlighthr11@gmail.com
Contact No: 9802341581 / 9810368585
SUN LIGHT HUMAN RESOURCES PVT.LTD
Samakushi-03, Kathmandu, Tel No: 4984832, 4984833, License No: 689/063/064

युएईमा वैदेशिक रोजगारीको सुवर्ण अवसर
कम्पनी: ONTIME MANPOWER SUPPLY शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०५/१६ चलानी नं.: ६०२४४१७९ L.T. No.: 330358

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 100 | 0 | स. काममा दक्ष | 1400 | ५३,६७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: INNOVATION DIRECT EMPLOYMENT SERVICES LLC शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०५/१६ चलानी नं.: ६०२४४१८० L.T. No.: 330359

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 50 | स. काममा दक्ष | 1400 | ५३,६७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २४ गते (9 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NextGen Global Placement Pvt. Ltd.
Tokha- 07, Samakhusi, Kathmandu, Nepal.
Tel No: 014972172, Mob: 9851019844, 9851210354, 9849991143, 9851361620
Email :nextgenglobalplacement@gmail.com,
Website: www.nextgenplacement.com
Gov Lic. No. 1771/081/082
@globalwithnextgen

मध्यान्ह
www.madhyanhadaily.com

१७ भदौ २०८२ मंगलबार
2 September 2025 Tuesday

# मुलुकको समृद्धिका लागि भौतिक विकास मात्रै पर्याप्त हुँदैन : राष्ट्रपति

**काठमाडौं/मस**–राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकको समृद्धिका लागि भौतिक विकास मात्रै पर्याप्त नहुने बताएका छन् ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको ६८ औं वार्षिकोत्समा आयोजित

राष्ट्रिय कविता महोत्सव पुरस्कार समर्पण कार्यक्रमलाई सम्बोधन गर्दै उनले साहित्य, कला, संगीत, संस्कृति र प्राज्ञिक क्षेत्रको विकास पनि उत्तिकै अपरिहार्य रहेको बताए ।

उनले नेपाल विभिन्न भाषा, जाति र अनेकौं संस्कृतिहरुको साझा थलो भएको उल्लेख गर्दै संसारको सर्वोच्च शिखर सगरमाथा लगायतका उच्च हिमश्रृंखलाले सुशोभित शान्तिका अग्रदुत गौतम बुद्धको जन्मभूमि र कहिल्यै पराधिन नभएको स्वाधीन र स्वतन्त्र देश नेपाललाई विश्वसामु चिनाउने काममा नेपाल प्रज्ञा प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहेको बताए ।

नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त उपलब्धिलाई प्राज्ञिक रुपमा स्थापित गर्ने दायित्व पनि नेपाल प्रज्ञा प्रतिष्ठानकै भएको बताए ।



साहित्यलाई भाषाको कलात्मक अभिव्यक्ति बताउँदै

पौडेलले भने, 'साहित्य र समाज एक अर्काका पूरक हुन् । यो ज्ञान, संस्कार, संस्कृति र जीवन हो । यसले दिने शिक्षा, सन्देश, चेतना, विचार र विवेचना अपरिमित छ । त्यसैले हरेक मानिसको जीवनमा भाषा, साहित्य, संस्कृति, दर्शन अत्यावश्यक छ ।'

राष्ट्रपति भवन, शीतल निवासमा आयोजित कार्यक्रममा विभिन्न १० जना कविहरूलाई सम्मानपत्र तथा पुरस्कार प्रदान गरिएको छ ।

सम्मानित कविहरूमा सिराहाका अविनाश भट्टराई, मोरङका कर्ण सञ्जय, मकवानपुरका किशन पौडेल, लमजुङकी गोमा श्रेष्ठ, नवलपरासीका चन्द्रमणि चापागाईं, रुकुम पश्चिमकी तुलसी केसी, मकवानपुरकी मिरमा (रमा सुवेदी), सुनसरीका शमुएल कोइराला, ललितपुरका सन्ध्या महर्जन र चितवनको सिर्जन अविरल रहेका छन् । कार्यक्रमका सभाध्यक्ष तथा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले राष्ट्रिय कविता महोत्सवको प्रथम, द्वितीय र तृतीय गरी ५ जना पुरस्कृत हुने ढाँचालाई परिवर्तन गरेर उत्कृष्ट दश छनौट गर्ने प्रकृया अपनाएको बताए । यसमा ५ जना नेपाली भाषा र ५ जना मातृभाषाका कविका कविता पुरस्कृत हुँदै आएका छन् । यसबाट कम्तीमा पनि समावेशी र सहभागितामूलक ढंगले कविहरूको प्रतिनिधित्व रहने उनले बताए । राईले नेपालका सबै भाषाभाषीका कविहरूलाई समानतापूर्वक व्यवहार गर्ने बताए ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य पद्य /काव्य विभाग प्रमुख बाबा बस्नेतले स्वागत मन्तव्यका क्रममा राष्ट्रिय कविता महोत्सव २०८२मा इमेल र प्रत्यक्ष गरी ७८० वटा कविता प्राप्त भएका र त्यसबाट प्रकृयागत छनौटबाट उत्कृष्ट १०वटा कविता छानिएको बताइन् । यस्ता महोत्सवले प्रतिभाहरूलाई सशक्त र ऊर्जाशील बनाउने उनले धारणा व्यक्त गरिन् ।

कार्यक्रमको उद्घोषण गर्दै प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले प्राज्ञिक समृद्धि, भाषा, साहित्य र संस्कृतिको विकासमा प्रतिष्ठानले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्दै २०२२देखि हुँदै आएको कविता महोत्सवको प्रभावले राष्ट्रियस्तरमै थुप्रै सशक्त र प्रतिनिधिमूलक थुप्रै कविहरू देखा परेको चर्चा गरे ।

# विगतका कमजोरीको गम्भीर समीक्षा आवश्यक : प्रचण्ड

**काठमाडौं/मस**–नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टी सुदूरपश्चिम प्रदेश समिति सचिवालयको भर्चुअल बैठकलाई सम्बोधन गर्दै संगठन निर्माणका लागि आत्मसमीक्षासहित जनसम्पर्क विस्तारमा जुट्न पार्टीका नेताहरूलाई निर्देशन दिएका छन् ।



बैठकमा प्रमुख अतिथिका रूपमा सहभागी अध्यक्ष प्रचण्डले पार्टीभित्र उठेका विभिन्न बहस, संगठनात्मक अवस्था र आगामी रणनीतिबारे विस्तृत धारणा राखे । उनले पार्टीले पछिल्लो समय जनतामाझ फेरि विश्वास हासिल गरिरहेको भए पनि त्यसलाई संगठनमा रूपान्तरण गर्न नसकेसम्म दीर्घकालीन उपलब्धि सम्भव नहुने बताए ।

भर्चुअल बैठकमा सहभागी हुनुको कारण स्पष्ट पार्दै अध्यक्ष प्रचण्डले भने,'सचिवालय र इन्चार्ज कमरेडले भौतिक रूपमा सुदूरपश्चिम आइदिन अनुरोध गर्नुभएको थियो, तर महिलाको राष्ट्रिय सम्मेलनलगायत केन्द्रीय गतिविधिका कारण म यो पटक भर्चुअलमार्फत सहभागी हुनुपऱ्यो । दशैंपछि मध्यपहाडी लोकमार्ग अभियान र केन्द्रीय बैठकहरू सकिएपछि दुई दिनको समय निकालेर म सुदूरपश्चिम प्रदेशमै आएर प्रत्यक्ष संवाद गर्नेछु ।'

अध्यक्ष प्रचण्डले सबै जिल्ला संयोजक र इन्चार्जहरूको रिपोर्टिङको प्रशंसा गर्दै सुदूरपश्चिम प्रदेशमा हाल वैचारिक, राजनीतिक र सांगठनिक सुधारको सकारात्मक संकेत देखिएको बताए । उनले निर्देशन दिँदै भने, 'अब सबै नेता-कार्यकर्ताले गाउँ-बस्तीमा पुगेर कमिटी निर्माण, विस्तार र प्रशिक्षणमा जुट्नुपर्छ ।'

त्यसैगरी, उनले पार्टीभित्र आत्मसमीक्षा र आलोचना-आत्मालोचनाको संस्कृतिलाई बलियो बनाउँदै, हरेक कार्यकर्ताले विगतका कमजोरीहरूको गम्भीर समीक्षा गर्नुपर्ने आवश्यकता औंल्याए ।

अध्यक्ष प्रचण्डले पार्टी सरकारमा रहँदा हासिल गरिएका उपलब्धिहरू, त्यसपछिको खबरदारी अभियान तथा जनसंगठनहरूले सञ्चालन गरेका गतिविधिका कारण माओवादीप्रति जनविश्वास पुनः बढेको बताए ।

उनले भने, 'हामीले सरकारमा हुँदा गरेका काम र अहिले सडकबाट उठाएका आवाजकै कारण जनभावना सकारात्मक बनेको छ । अब त्यसलाई सशक्त संगठनमार्फत संस्थागत गर्नु जरुरी छ ।'

बैठकका केही सहभागीले पार्टीभित्रको अन्तरसंघर्षबारे चासो व्यक्त गरेपछि अध्यक्ष प्रचण्डले स्पष्ट पारे ।

उनले संगठन निर्माणलाई अबको अभियानको मूल धार मानेर भने, 'हामी निर्वाचनमा जान्छौं, आन्दोलनमा उत्रन्छौं भन्ने कुरा तब मात्र सार्थक हुन्छ, जब संगठन बलियो हुन्छ। त्यसैले सबै कमरेडहरू आत्मसमिक्षा गर्दै जनतामाझ पुग्नुहोस्, सदस्यता विस्तार गर्नुहोस्, जनसंगठनहरूलाई सक्रिय पार्नुहोस् ।'

अध्यक्ष प्रचण्डले सुदूरपश्चिमलाई राजनीतिक र सांगठनिक हिसाबले माओवादी केन्द्रको सम्भावनायुक्त प्रदेश बताउँदै, त्यहाँका नेता तथा कार्यकर्ताहरूलाई व्यवस्थित, योजनाबद्ध, केन्द्रित र परिचालित गर्ने आवश्यकता औंल्याए ।

बैठकमा विशिष्ट अतिथि पार्टी उपमहासचिव तथा सुदूरपश्चिम इन्चार्ज गिरिराजमणि पोखेलले सुदूरपश्चिममा पार्टीको भावी रणनीति, सांगठनिक विस्तार तथा स्थानीय तहसम्मको पहुँच विस्तारबारे स्पष्ट कार्ययोजना प्रस्तुत गरे । उनले सुदूरपश्चिमको विशेष परिस्थितिअनुसार जनसम्पर्क र संगठन सुदृढीकरणमा केन्द्रित हुने बताए ।

भर्चुअल बैठकमार्फत अध्यक्ष प्रचण्डले पार्टीलाई एकीकृत, केन्द्रित र अभियानमुखी बनाउनेमा जोड दिँदै कार्यकर्तालाई संगठन निर्माण र आत्मसमिक्षाको बाटोमा अघि बढाउने रणनीति प्रस्तुत गरे ।

# संघीय निजामती विधेयक : अवकाश उमेरमै विवाद

**काठमाडौं/मस**–राष्ट्रियसभाअन्तर्गतको विधायन व्यवस्थापन समितिमा सोमबार संघीय निजामती सेवा विधेयक, २०८० पारित हुन सकेन । निजामती कर्मचारीको अवकाश उमेरबारे उत्पन्न विवादले विधेयक अगाडि बढ्न रोक लगाएको हो ।

सिंहदरबारमा बसेको बैठकमा सरकारले कर्मचारीको अवकाश उमेर ५९ वर्ष कायम गर्ने अडान राखेपछि एमाले र कांग्रेसका सांसदहरूले समर्थन जनाए ।

तर विपक्षी दल माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायतका सांसदहरूले यसअघि सहमति भएको विषय उल्ट्याउन नहुने अडान राखेका थिए ।



बैठकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेले सरकारको धारणा प्रस्तुत गर्दै विधेयक छलफल अघि बढाउने प्रयास गरेकी थिइन् । तर विवाद समाधान नहुँदा उनले बैठक स्थगित गर्दै मंगलबार पुनः छलफल गर्ने प्रस्ताव राखिन् । समितिका सभापति तुलसा दाहालले अहिलेसम्म सहमति भएका विषयको प्रतिवेदन सदस्यलाई वितरण गर्न निर्देशन दिँदै मंगलबारको बैठकमा निष्कर्ष निकाल्ने जानकारी दिइन् ।

विरोधी दलका सांसदहरूले पनि आपत्ति जनाएका थिए। नेकपा एकीकृत समाजवादीका बेदुराम भुसालले विधेयक अघि बढाउन ढिलाइ भएको र सरकारको नियत स्पष्ट नभएको बताए । माओवादी सांसद झक्कुप्रसाद सुवेदीले सरकारले सहमति उल्ट्याउने प्रयास गलत भएको जिकिर गरे ।

यसअघि प्रतिनिधिसभाबाट पारित विधेयकअनुसार निजामती सेवामा अवकाश उमेर क्रमशः पहिलो वर्ष ५८, दोस्रो वर्ष ५९ र तेस्रो वर्ष ६० वर्ष कायम हुने व्यवस्था गरिएको छ ।

# से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जको सीमाना हेरफेर

**काठमाडौं/मस**- सरकारले से-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्रको सीमाना हेरफेर गर्ने निर्णय गरेको छ । भदौ १३ गतेको मन्त्रीपरिषद् बैठकले यस विषयमा अन्तिम निर्णय लिएको सरकारका प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।




यसैगरी, मन्त्रीपरिषद्ले विर्ता उन्मूलन (नवौं संशोधन) नियमावली, २०८२ र तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) स्वीकृत गरेको छ। साथै, राष्ट्रिय खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०८२ पनि अनुमोदन गरिएको छ ।

यस्तै विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन तथा कार्यक्रममा नेपाली प्रतिनिधिहरूको सहभागिता स्वीकृति प्रदान, विशेष अदालत र अन्य न्यायिक पदमा नियुक्ति, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोगका अस्थायी दरबन्दी स्वीकृति र गैरनाफामूलक संघसंस्थाहरूको एकीकृत विवरण राख्ने एनपिओ पब्लिक पोर्टल सञ्चालनसम्बन्धी निर्णयहरू गरिएको मन्त्री गुरुङले बताए ।

त्यसैगरी, ललितपुरको नवदुर्गा भवानी देवी गुठीलाई १२३५.७४ क्यूफिट काठ उपलब्ध गराउने र पुरातत्व विभाग मार्फत भूकम्पपछिको पुनःनिर्माण कार्यक्रमका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरिएको छ । यस्तै सरकारले विभिन्न मन्त्रालयका सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, शिक्षा मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरेको छ ।

# भेपसहित तीन जना पक्राउ

**काठमाडौं/मस**- राजस्व छली गरिएका विद्युतीय चुरोट (भेप)सहित ३ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१६ बालाजु बस्ने सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-१ लिस्ती घर भएका ४० वर्षीय निमा छिरिङ शेर्पा, काठमाडौं बुढानिलकण्ठ नगरपालिका-१० कपन बस्ने सोलुखुम्बु थुलुङ दुधकोशी गाउँपालिका-४ जुबु घर भएका ४२ वर्षीय कृष्ण बहादुर गुरूङ र काठमाडौं महानगरपालिका-३२ पेप्सीकोला बस्ने सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-७ ज्यामिरे घर भएका ५२ वर्षीय राम बहादुर गुरूङ रहेका छन् ।

काठमाडौंको चमती वडा एरियामा अवैध रूपमा भेप राजस्व छली भण्डारण तथा संचय गरी कारोबार गर्ने गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-१५ चमतीस्थित गोदामबाट विभिन्न कम्पनीका भेप ३ हजार ८ सय ५ थान फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन ललितपुर पठाइएको छ ।

## बिचौलियाको...

पछिल्ला नियुक्तिहरू हुने गरेको विज्ञहरू बताउँछन् । बिमा प्राधिकरण, धितोपत्र बोर्ड र नेप्सेमा अर्थमन्त्रीदेखि प्रधानमन्त्री र पूर्वप्रधानमन्त्री समेत बिचौलियाको चंगुलमा परेका छन्। यी निकायहरू कब्जा गर्न व्यवसायी दीपक भट्टले सरकारका प्रधानमन्त्री र मन्त्रीलाई उपयोग गरेको मन्त्रालयको उच्च अधिकारी बताउँछन् ।

नेपाल स्टक एन्सचेन्ज (नेप्से) को प्रमुख (सिइओ)मा पर्यटन क्षेत्रमा काम गरेका नारद लुईंटेल नियुक्त गर्दा व्यवसायी भट्टको प्रमुख भूमिका देखिएको अर्थ मन्त्रालयका एक अधिकारीले बताए । 'लुईंटेल नेप्सेसम्बन्धी विज्ञ थिएनन्,' उनले मध्यान्हसँग भने, 'तर प्रधानमन्त्री केपी शर्मा ओली, अर्थमन्त्री विष्णु पौडेल र पूर्वप्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवासँग सुमधुर सम्बन्ध भएका भट्टकै पहलमा उनलाई नेप्सेको सिइओ बनाइएको थियो ।'

त्यस्तै, नेपालको समग्र बिमा क्षेत्रकै नियामक निकाय बिमा प्राधिकरणमा बिचौलियाले कब्जा जमाउँदा वर्तमान सरकार त्यसको मतियार बनेको सम्बन्धित क्षेत्रका विज्ञहरूको आरोप छ । बिमा प्राधिकरणलाई सरकार पक्षबाटै स्वार्थअनुकूल प्रयोग गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत चासो राखेको थियो । अख्तियारको एक्सनपछि निर्णय सच्याउन सरकारलाई दबाब परेको थियो । तर अन्य निकायमा भने निर्णय यथावत् राखिएको छ ।

## धितोपत्र...

पूर्वकर्मचारीसमेत रहेका श्रेष्ठलाई बोर्डमा पठाएको थियो । अध्यक्ष श्रेष्ठलाई परिचालन गरेर भट्ट समूहले सेयर बजारको नियमनकारी निकाय कब्जामा लिइसक्दा पनि सरकार बेखबर छ ।

सेयर बजारको नियामक निकाय धितोपत्र बोर्ड लगानीमैत्री वातावरण सिर्जना गर्नुको साटो बिथोल्न उद्दत रहेको लगानीकर्ताहरूले गुनासो छ । बोर्डले प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ), एफपिओ, हकप्रद सेयर, डिबेन्चर, म्युचुअल फन्ड गरी १ खर्बभन्दा बढी रकमको धितोपत्र निष्कासन गर्न सकेको छैन ।

२०८० पुस २० मा बोर्डका तत्कालीन अध्यक्ष रमेश हमालको कार्यकाल सकिएसँगै धितोपत्र निष्कासन रोकिएको थियो । आफैं संलग्न कम्पनी छानीछानी आइपिओ निष्कासन अनुमति दिएका श्रेष्ठले सेयर बजारमा अन्यलाई प्रवेश निषेध गरेको भन्दै व्यवसायी चर्को असन्तुष्टि जनाएका छन् ।

जलविद्युत् कम्पनीहरू तथा अन्य धेरै कम्पनी केही वर्षदेखि सेयर निष्कासनको प्रतीक्षामा छन् । तर धितोपत्र बोर्डले यसबारे कुनै निर्णय गर्न सकेको छैन । यसरी वर्षौंसम्म प्रक्रियामा ढिलाइ हुनुले ती कम्पनीहरूलाई पुँजी जुटाउन र परियोजना अघि बढाउन नसक्ने बनाएको छ। यसको प्रत्यक्ष असर रोजगारी सिर्जना, उत्पादन वृद्धि र समग्र आर्थिक चक्रमा पर्ने स्पष्ट देखिन्छ ।

अध्यक्ष श्रेष्ठले नियमभन्दा बाहिर गएर नेटवर्थमा विवाद निकालेका छन् । संसदको सार्वजनिक लेखा समितिले २०८० पुस १२ मा प्रतिसेयर नेटवर्थ ९० भन्दा कम रहेका कम्पनीको आइपिओ निष्कासन रोक्न निर्देशन दिएको थियो । धितोपत्र दर्ता तथा निष्कासन नियमावलीले कुनै पनि पब्लिक कम्पनीको आइपिओ निष्कासनमा नेटवर्थको सीमा उल्लेख गरेको छैन । तर समितिले स्वार्थ साँधेर कम्पनीहरूको आइपिओ रोक्का गर्न क्षेत्राधिकारविपरीत निर्देशन दिएको छ । यससँगै धेरै कम्पनीहरूले आइपिओ निष्कासन प्रक्रिया रोकिएको गुनासो गर्दै आएका छन्। धितोपत्र बोर्डले भने नेटवर्थ ९० भन्दा बढी भएका कम्पनीको सेयर निष्कासनसमेत रोकेको छ । संसदको अर्थ समितिले नेटवर्थ विवाद नगरी आइपिओ निष्कासन गर्न दिनु भने पनि श्रेष्ठले त्यसलाई बेवास्ता गर्दै आइरहेका छन् ।

केही महिनाअघि जलविद्युत् कम्पनीहरूको आइपिओका लागि धितोपत्र बोर्डका अध्यक्ष श्रेष्ठ र उनको समूहले कमिसन मागेको आरोप लागेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा मारेको थियो । आइपिओ निष्कासनको प्रक्रियामा रहेका ८९ कम्पनीको फाइल अख्तियारले नियन्त्रणमा लिएको थियो ।

## सिडिएससी...

नेतृत्वमा पुगेकी हुन् । यसअघि बोर्ड सदस्य रहेकी उनलाई सञ्चालक समितिले २०८१ पुस १५ मा सिइओमा नियुक्त गरेको हो। सिडिएससीकी प्रबन्ध निर्देशक रहेकी पन्दाकलाई धितोपत्र बोर्डको मर्मविपरीत राजनीतिक प्रभावमा बिचौलियालाई सहज हुनेगरी काम गर्दै आएको आरोप लाग्ने गरेको छ । पन्दाकले विभिन्न विवादित व्यापारिक घरानासँग मिलेर उनीहरूकै स्वार्थका लागि इन्टरनेसनल सेक्युटिरिज आइडिन्टिफिकेसन नम्बर (आइजिन)मा मनोमानी गर्दा विवादमा तानिएकी छन् । उनको कार्यशैलीबाट कर्मचारीहरू समेत आजित बनेको बताइन्छ । एउटै कम्पनीको दुईवटा आइजिन दिने भित्री खेलमा उनी लागेको सिडिएससीका कर्मचारीले बताएका छन् ।

लाखौं लगानीकर्ताको डाटा तथा गोपनियतामा खलल पुग्ने गरी सिडिएससीभित्रबाट डाटाबाहिर लैजाने गरी काम भइरहेको फेलापरेको छ। कमोडिटी मार्केटका खेलाडी भनेर चिनिने विनय सत्यालले दैनिक घण्टौं सिडिएससीमा पन्दाकसँग मिटिङ गर्ने गरेका छन् । सिडिएससीबाट सूचना चोरी गर्ने र आफूअनुकूल प्रयोग गर्ने ध्याउन्नमा उनी छन् । प्रस्तावित नयाँ स्टक एक्सचेन्जको सिइओसमेत रहेका सत्याल सूचनामा पहुँच पुऱ्याउन भट्टसँगको सेटिङमा पन्दाकसँग नजिकिएको बताइएको छ । उनी घण्टौं अफिसमा पन्दाकसँग छलफलमा रहने गरेको नाम नखुलाउने सर्तमा सिडिएससीका एक कर्मचारीले बताए ।

## जापानिज...

मधेश, कोशी, गण्डकी र बागमती प्रदेशका नागरिक प्रभावित भएका छन् । ३६ जिल्लामा संक्रमण फैलिसकेको पुष्टि भएको छ। बर्दिया, कावासोती, रत्ननगर, कालिका, राप्ती, कपिलवस्तु, माडी, कृष्णनगर, हरिवन, लहान, भद्रपुर, उल्लाबारी र गौरीगन्जका १ सय १३ जना बासिन्दा संक्रमित छन् ।

सरकारले संक्रमण कम गर्न खोप लगाउने गरेको छ । मृत्यु हुने अधिकांशले खोप नलगाएको पाइएको सरकारी अधिकारी बताउँछन् । जापानिज इन्सेफ्लाइटिस तराई क्षेत्रका नागरिक त त्रसित छँदै छन् । तराईबाट विस्तारै पहाडतिर समेत फैलिँदो छ । तामक्रमको वृद्धिले तराईबाट विस्तारै पहाडतिर समेत फैलिएको हो । यो संक्रमण लामखुट्टेले फैलाउँछ । चिकित्सकहरूका अनुसार लामखुट्टे सुरुमा जापानिज इन्सेफ्लाइटिस संक्रमित चराचुरुंगी र सुँगुरलाई टोक्छ। त्यस्ता लामखुट्टेले मान्छेलाई टोक्छ र जापानिज इन्सेफ्लाइटिस संक्रमण फैलाउँछ ।

जापानिज इन्सेफ्लाइटिस भाइरसबाट हुने रोग हो । यो भाइरस क्युलेक्स लामखुट्टेले सार्छ। रोग सार्ने लामखुट्टे बिहान र बेलुका सक्रिय हुन्छन्। संक्रमित चराचुरुंगी र सुँगुरलाई टोक्ने लामखुट्टे सुरुमा आफू संक्रमित हुन्छ र त्यसपछि मानिसमा संक्रमण सर्छ ।

पहिले बाँके, बर्दिया, कैलाली, कञ्चनपुरमा जेई संक्रमण देखिन्थे । विस्तारै झापा, मोरङ, उदयपुरलगायतका ठाउँहरूमा देखिए । पछिल्लो समय पहाडमा समेत देखिन थालेको हो। यसलाई न्यूनीकरण गर्न भनेर सरकारले सन् २००६ देखि खोप दिन सुरु गरेको हो । तथापि संक्रमण फैलिनेक्रम भने रोकिएको छैन ।

## असन्तुष्टि...

प्रणालीलाई केन्द्रीय विद्यार्थी पोर्टलमार्फत पारदर्शी बनाउनुपर्ने संगठनहरूको जोड छ ।

यता शिक्षा समितिका सभापति अम्मरबहादुर थापाले भने समितिबाट पास भइसकेकाले विधेयक अब फिर्ता नहुने र बल अब प्रतिनिधिसभाका सांसदहरूको कोर्टमा रहेको बताएका छन् । विद्यालय शिक्षा विधेयक संसदीय समितिबाट पारित गर्ने सन्दर्भमा यसअघि तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा नै दिनुपरेको थियो । नेपाल शिक्षक महासंघको अगुवाइमा करिब एक महिना लामो आन्दोलनपछि सरकार र महासंघबीच सहमति भए पनि सो सहमतिअनुसार विधेयक नबनेको महासंघका नेताहरूले समेत असन्तुष्टि जनाउँदै आएका छन् ।

## साउदी...

श्रम तथा रोजगारका क्षेत्रका विज्ञ युवराज बस्नेतले नेपाली श्रमिक विदेशी भूमिमा सामाजिक संरक्षण प्राप्त गर्नेमा यो सम्झौताले ध्यान दिएको बताए ।

सन् २०३४ मा हुने फिफा विश्वकप आयोजनाको तयारी स्वरूप साउदीले विगतमा श्रम नीतिमा व्यापक सुधार गरिरहेको छ । 'मोडर्न डे स्लेभरी' मानिने कफाला प्रणालीमा सन् २०२१ को मार्चमै सुधार गरिसकेको साउदीले श्रम ऐनमा परिवर्तन गरी विदेशी श्रमिकको न्यूनतम पारिश्रमिक तथा सेवासुविधाको सुनिश्चितता गरेको छ । कतारमा भएको विश्वकपमा श्रमिक शोषणको विषय अन्तर्राष्ट्रिय रूपमा उठेपछि साउदीले श्रमिकको अधिकार र सेवामा विशेष ध्यान दिएको देखिन्छ । यसअघि नै 'साउदी फन्ड'को प्रयोग गरी नेपालमा अन्तर्राष्ट्रियस्तरको तालिम उपलब्ध गराउने उद्देश्यले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानसँग साझेदारी गरिसकेको छ ।

साउदी अरबमा काम गर्ने नेपालीहरूले दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई प्रवर्धन गर्न महत्वपूर्ण भूमिका खेलेका छन् । हाल ४ लाखभन्दा बढी नेपाली नागरिक विभिन्न पेसामा कार्यरत छन् । यद्यपि, नेपाली आप्रवासी कामदारहरूले जटिल समस्याको सामना गरिरहेको सरोकारवाला बताउँछन् ।

## ४० हजार...

बजारमा नेपाली महिला कामदारको संख्यामा आश्चर्यजनक रूपमा बढेर ६१ प्रतिशतले पुगेको अरब टाइम्स अनलाइनले गत जुलाई २१ को अंकमा उल्लेख गरेको थियो ।

# प्रयोगविहीन कोल्ड स्टोर किसानलाई काँचो स्याउ बेच्न हतार

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १६ भदौ



जुम्लाका किसानहरूले गुणस्तरीय स्याउ उत्पादन गर्न सके बजारको अभाव नहुने बताएका छन्।

जुम्ला चन्दननाथ नगरपालिका-२ का किसान रत्नबहादुर भण्डारीले २०६२ सालदेखि स्याउ खेती गर्दै आएका छन्। उनले लगाएका ३ सय ६५ बिरुवा स्याउले हरेक वर्ष ३ देखि ६ लाख रुपैयाँ आम्दानी दिँदै आएको छ। गुणस्तरीय उत्पादनकै कारण भदौ १५ देखि मात्रै स्याउ टिप्न थाले पनि अन्य किसानको तुलनामा उच्च मूल्यमा बिक्री हुने गरेको भण्डारीले बताए। उनले भने, 'किसानको काम उत्पादन गर्नु हो, बजारको व्यवस्था स्थानीय सरकारले गर्नुपर्छ। तर अहिले किसान आफैं व्यापारी बनेको देखिन्छ।'

त्यस्तै, जुम्लाको गुठिचौर गाउँपालिका-५ निवासी मिनबहादुर भण्डारीको 'गुठिचौर एग्रो फर्म'जिल्लाकै सबैभन्दा ठूलो स्याउ बगैँचा हो। फर्ममा ४० हजार बिरुवा रहेका छन्, जसमा ९९ प्रतिशतले फल दिइरहेका छन्। भण्डारी आफूले उत्पादन गरेको स्याउ भारत निर्यातको तयारीमा रहेका छन्। यसका लागि कानुनी प्रक्रिया राज्यले चाँडै टुंग्याउनुपर्ने माग राखेका छन्। हिमा गाउँपालिका-३ का अर्का किसान गोपाल रोकाय पनि एक दशकभन्दा बढी समयदेखि स्याउ खेती गर्दै आएका छन्। असिनाले केही क्षति पुऱ्याए पनि उनको बगैंचाबाट करिब ३ सय कार्टुन स्याउ फल्ने अपेक्षा गरिएको छ। रोकायले उत्पादन भएको अर्गानिक स्याउ जुम्लाकै कोल्ड स्टोरमा बुझाउने गरेका छन्।

## १३ करोडमा कोल्ड स्टोर, किसान भने काँचो स्याउ बेच्छन्

जुम्ला सदरमुकाममा करिब १३ करोड रुपैयाँ लगानीमा निर्माण गरिएको बहुउद्देश्यीय कोल्ड स्टोर किसानको स्याउ भण्डारणका लागि तयार भएको छ। तर यसको प्रयोग कम भएको देखिन्छ। कैलाश जनरल स्टोरका सञ्चालक देउऋषि चौलागाईंका अनुसार, यो कोल्ड स्टोर १० करोड बैंक ऋण, २ करोड २० लाख व्यक्तिगत लगानी र ८० लाख सरकारी अनुदानमा बनेको हो। यो कोल्ड स्टोरमा २० लाख किलोसम्म स्याउ भण्डारण गर्न सकिने क्षमता छ। एक किलो स्याउलाई ६ महिनासम्म राख्न १० रुपैयाँ मात्र शुल्क लाग्छ। तर किसानहरू अझै पनि स्याउ पक्न नपाउँदै काँचो स्याउ बजारमा पठाउने हतारमा देखिएको चौलागाईंले बताए। यसले गर्दा भविष्यमा स्याउको मूल्य घट्ने समस्या रहने उनको भनाइ छ।

## स्याउ उत्पादनमा फड्को

जुम्लामा पछिल्लो समय स्याउ उत्पादनमा ठूलो फड्को आएको छ। जिल्ला कृषि विकास कार्यालयका अनुसार, हाल जिल्लामा ४ हजार ४ सय हेक्टर क्षेत्रफलमा स्याउ खेती भइरहेको छ, जसमा करिब २ हजार हेक्टरमा उत्पादन भइरहेको छ। कार्यालयका प्रमुख रामभक्त अधिकारीका अनुसार, चालु आर्थिक वर्ष २०८१/८२ मा करिब १० देखि १३ हजार मेट्रिक टन स्याउ उत्पादन हुने अनुमान गरिएको छ। तर वैशाख १७, जेठ ७ र ८ गते परेको असिनाले उत्पादनमा गिरावट आएको छ। गत आर्थिक वर्षमा मात्रै जुम्लाबाट ९ हजार ३ सय ९१ मेट्रिक टन स्याउ बिक्री भई ६१ करोड ४१ लाख रुपैयाँ आम्दानी भएको थियो। चालु वर्षमा मूल्य वृद्धि भए पनि उत्पादन घट्ने अनुमान गरिएको छ।

असिनाले जिल्लाभर ७ हजार १ सय ९२ जना किसानका ५ लाख ८४ हजार २७ स्याउका बिरुवा प्रभावित भएका छन्। यसबाट करिब ३६ लाख ८९ हजार किलो स्याउ उत्पादन नहुने अनुमान गरिएको छ, जसको मूल्य करिब १६ करोड ६९ लाख रुपैयाँ बराबर हुने बताइएको छ।

## उच्च घनत्वको स्याउ खेतीतर्फ आकर्षण

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत जुम्लामा ५२ हेक्टर क्षेत्रफलमा उच्च घनत्वका स्याउका बिरुवा रोपिएको छ। कृषि विकास अधिकृत खेमराज शाहीका अनुसार, परियोजनाले २०७५/७६ देखि ५८ वटा बगैंचामा लगानी गर्दै आएको छ। स्याउ उत्पादन बढे पनि प्राकृतिक विपद्का कारण नियमित समस्या देखिएको छ। तथापि, किसानले गुणस्तरीय उत्पादनमा ध्यान दिने हो भने बजारको कमी नहुने किसान र स्याउ विज्ञहरूको भनाइ छ।

# सल्यानको मूलपानी वनस्पति केन्द्रमा पर्यटकको आकर्षण बढ्दै

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, १६ भदौ



सल्यानको कपुरकोट गाउँपालिका-३ मूलपानीमा अवस्थित वनस्पति अनुसन्धान केन्द्र पछिल्लो समय पर्यटकको लागि प्रमुख आकर्षणको केन्द्र बन्दै गएको छ। केन्द्र नजिकैको मूल खोलासँगैको हरियाली वन क्षेत्र, मौसमी विभिन्न प्रजातिका फूल, चराचुरुङ्गीको मधुर आवाज र शान्त वातावरणले यस क्षेत्रलाई झनै आकर्षक बनाएको छ। यहाँ स्वदेशी तथा विदेशी दुवै पर्यटक आउने गरेका छन्।

२०५६ मा स्थापना गरिएको मूलपानी वनस्पति अनुसन्धान केन्द्रभित्र पर्ने वनस्पति उद्यान कपुरकोटबाट २.५ किलोमिटर उत्तरपश्चिममा, समुन्द्र सतहदेखि १ हजार ४ सय २० मिटर उचाइमा अवस्थित छ। ५.५ हेक्टर क्षेत्रमा फैलिएको यस उद्यानले स्थानीयरूपमा पाइने र परस्थानीय बिरुवाहरुको संरक्षण गर्दै आएको छ। अहिलेसम्म १ सय ५६ वनस्पति परिवारका ४ सय ५ जातिका ५ सय ५१ प्रजातिको लेखाजोखा गरिएको छ। तीमध्ये २ सय ५७ प्रजाति स्थानीय र २ सय ९४ प्रजाति विदेशी शोभनिय बिरुवा रहेका छन्।

संरक्षित ५ सय ५१ प्रजातिमध्ये पोथ्रा २ सय ४८, रुख १ सय ३३, बुट्यान ९९, लहरा ३७ र इपिफाइट ३४ प्रजाति रहेका छन्। फूल फुल्ने बिरुवा (एन्जियोस्पर्म) ४ सय ९५, कोणधारी बिरुवा (जिम्नोस्पर्म) १९ र उन्यु ३७ प्रजाति छन्। साथै २ सय १ प्रजाति शोभनिय, २ सय ४५ औषधीय, ६६ दुर्लभ/लोपोन्मुख, ८ धार्मिक र ६ मिचाहा प्रजाति रहेका छन्।

उद्यानभित्र रक गार्डेन, फिजिक गार्डेन, जलिय गार्डेन, ड्रीम गार्डेन, शैक्षिक गार्डेन, इथनोबोटानिकल गार्डेन, दुर्लभ लोपोन्मुख गार्डेन, ट्याक्सोनोमिकल फ्यामिली गार्डेन गरी ८ थिमेटिक युनिट छन्। त्यस्तै फर्न हाउस, क्याक्टस हाउस र अर्किड हाउस गरी तीनवटा जर्मप्लाज्म इकाइ रहेका छन्।

कर्णाली प्रदेशका प्रमुख पर्यटकीय स्थलहरूमध्ये एक बन्ने लक्ष्यसहित उद्यान वर्षभरि खुला रहने गरिएको छ। कार्यालय समयमा निःशुल्क अवलोकन गर्न सकिने यस उद्यानमा वार्षिक करिब ५ हजार आगन्तुक आउने गरेका छन्।

विद्यार्थी र अनुसन्धानकर्ताका लागि शैक्षिक केन्द्रका रूपमा समेत यसको विकास भइरहेको छ। आगन्तुकहरु मुख्यतया सल्यान, दाङ, रुकुम, रोल्पा, प्युठान र सुर्खेत लगायतका जिल्लाबाट आउने गरेका छन्। गत आर्थिक वर्षमा मात्र केन्द्रले टिमुर, तेजपात, मलागिरी, काउलो, चिउरी, लप्सी, कुरिलो, रोजमेरीलगायत करिब ३५ हजार बिरुवा वितरण गरेको थियो।

वनस्पति विज्ञान, वन विज्ञान (फरेस्ट्री) तथा प्राविधिक शिक्षा परिषद् (सिटिइभिटी) का विद्यार्थी शैक्षिक भ्रमणका लागि यहाँ आउने गर्छन्। केन्द्रले बिरुवा पहिचान, वैज्ञानिक नाम र वनस्पतिसम्बन्धी जानकारी उपलब्ध गराउने गरेको कार्यालय प्रमुख डा.मित्र पाठकले बताए।

उद्यानभित्र टिमुर, तेजपात, काउलो, अमला, हर्रो, बर्रो, सुगन्धकोकिला, सुगन्धवाल, कुरिलो, रिट्ठा लगायतका जडीबुटी र ६० भन्दा बढी दुर्लभ/लोपोन्मुख प्रजातिहरु संरक्षित छन्। सुनाखरीका विभिन्न प्रजाति, काकरसिङी, लौठसल्ला, सतिसाल, विजयसाल, कलबल, गुन्सी, चिराइतो आदि पनि संरक्षण गरिएको छ।

यसै उद्यानभित्र दुर्लभ 'काँकर सिगें' (वैज्ञानिक नाम साइथिया स्पिनुलोसा) र 'रुख उन्यु' (रुख डउरे) समेत संरक्षण गरिएको छ। यिनलाई औषधि, खाना र सजावटका लागि प्रयोग गरिन्छ। यस्तै उच्च रक्तचाप नियन्त्रणमा उपयोगी सुनाखरीको प्रजाति 'काँकरसिङी' पनि संरक्षण गरिएको छ।

केन्द्रले पछिल्ला वर्षहरुमा काँडे बनमारा, जंगली सुर्यमुखी, कालो बनमारा र पार्थेनियम जस्ता मिचाहा प्रजाति नियन्त्रणका लागि समेत अभियान चलाएको छ। जिल्ला प्रशासन, स्थानीय सरकार, प्रहरी, वन कार्यालयलगायतको सहकार्यमा सञ्चालन गरिएको यो अभियान अहिले जिल्लाभर विस्तार हुँदै गएको छ।

शैक्षिक, अनुसन्धान तथा मनोरञ्जनको बहुआयामिक सम्भावना बोकेको मूलपानी वनस्पति अनुसन्धान केन्द्र सल्यान जिल्ला र कर्णाली प्रदेशकै महत्वपूर्ण पर्यटकीय आकर्षणका रूपमा स्थापित हुँदै गएको छ।

# अर्घाखाँचीमा सामुदायिक वनबाट ७ सय ५० विद्यार्थीलाई पोसाक वितरण




**अर्घाखाँची/मस-** शीतगंगा-११ मा रहेको गैडे सामुदायिक वन उपभोक्ता समितिले वन क्षेत्रभित्र पर्ने ३ वटा सामुदायिक विद्यालयका विद्यार्थीलाई पोसाक सेट वितरण गरेको छ।

सामुदायिक वनकी सचिव सीता बेल्वासेका अनुसार ७ सय ५० जना विद्यार्थीलाई पोसाक सेट तथा ९० जना विद्यार्थीलाई स्टेसनरी वितरण गरिएको हो।

आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रमअन्तर्गत गैडे सामुदायिक वन उपभोक्ता समूहले आफ्नो कार्यक्षेत्रभित्र पर्ने गंगाज्योति माध्यमिक विद्यालय पथ्थरकोट, जनज्योति आधारभूत विद्यालय विरपुर र रुद्रवेणी आधारभूत विद्यालय मौवाबारीका सम्पूर्ण विद्यार्थीलाई पोसाक वितरण गरिएको समितिका अध्यक्ष जुद्धबहादुर नेपालीले बताए।

डिभिजन वन कार्यालय अर्घाखाँचीअन्तर्गत पर्ने शीतगंगा सब-डिभिजन वन कार्यालयको समन्वयमा विद्यार्थीलाई पोसाक वितरण गरिएको डिभिजन वन कार्यालयका प्रमुख नारायणदेव भट्टराईले बताए।

साथै, समितिले सम्बन्धित विद्यालयमै पुगेर सामग्री हस्तान्तरण गरेको शीतगंगा सब-डिभिजन प्रमुख चन्द्र भाटले जनाए। उनका अनुसार सामुदायिक वनले सामाजिक सेवाको क्रममा गरेको यो काम निकै उत्कृष्ट भएको हो।

पोसाक वितरण कार्यक्रममा स्थानीयवासी, वन कर्मचारी, सामुदायिक वनका पदाधिकारी, शिक्षक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

कर्णाली भनेर परिचित छरिएको पातलो बस्ती रहेको शीतगंगा नगरपालिकामा तीन तहका सरकारले विकासका सबै पूर्वाधार पुऱ्याउन नसकेको बेला यहाँका सामुदायिक वनहरूले नागरिकको सुख, दुःखमा साथ दिँदै आएका छन्।

अर्घाखाँचीको शीतगंगा नगरपालिकामा सामुदायिक वनबाट संकलन भएको आम्दानीले वार्षिक करोडौंका योजना कार्यान्वयन हुँदै आएका छन्। गाउँलेहरू भेला भइ आवश्यकताको आधारमा योजना छनोट गरी बजेट विनियोजन गरेर गाउँको विकासमा खर्च गर्ने गरिएको सचिव बेल्वासेले बताइन्।

भौगोलिक विकटताका कारण अर्घाखाँचीको शितगङ्गा नगरपालिकाका पिरापानी, भंगला, पाव्रा, पौवाबारी, खयरभट्टीलगायतका स्थानमा सरकारी निकायबाट हुने विकास निर्माणका काम न्यून भएका छन्। त्यस्ता क्षेत्रमा सामुदायिक वनको आम्दानीले विकासका कामहरू अगाडि बढाइएको हो।

झन्डै ८ सय घरधुरी रहेको छरिएका बस्तीमा सामुदायिक वनको आम्दानीबाटै विकासका काम हुने गरेका छन्।

गाउँमा पशुपालन, मोटर बाटो, खानेपानी, बिजुली, विद्यालय, कुलो, पाटीपौवा, मन्दिर निर्माण, आम्दानीआर्जनका धेरै काम सरकारी बजेटबाट नभई सामुदायिक वनको आम्दानीबाट हुने गरेको स्थानीयले बताएका छन्।

अर्घाखाँचीमा जिल्लाभर ७४ हजार ३० हेक्टर वन क्षेत्र छ। यसमध्ये ४ सय ३२ सामुदायिक वनमध्ये ४६ वटाको मात्रै वार्षिक आम्दानी झन्डै ४५ करोड हुन्छ। यी वनबाट वार्षिक ६० हजार क्युफिट काठ बाहिर निकासी हुने गरेको छ। साथै, सामुदायिक वनका सदस्यले गाउँमै कुनै व्यवसाय गर्न चाहेमा एक वर्षसम्मका लागि ३ प्रतिशत ब्याजमा ऋण दिने गरिएको धिरिखोला सामुदायिक वनका अध्यक्ष नारायण पौडेलले जानकारी दिए।

सम्बृद्धिका लागि वन परियोजना धिरिखोला सामुदायिक वनबाट सुरु भएको थियो। अहिले प्रगतिशील, बेलघारी, बुद्ध, शंकरपुरलगायत १७ वटा सामुदायिक वन १७२१ हेक्टर क्षेत्रफलमा विस्तार भएको छ।

सहायक वन अधिकृत केशव खड्काका अनुसार यी वनमा संरक्षण, चोरी-निकासी नियन्त्रण, मलजल, रुख हुर्काउने, डढेलो नियन्त्रणजस्ता सबै काम स्थानीय उपभोक्ताले गर्ने गरेका छन्। काठ, दाउरा, सल्लाको खोटो, सालको पात, तेजपात, काफल, टिमुर, कुरिलोजस्ता वनपैदावार यहाँको आम्दानीका मुख्य स्रोत हुन्।

# भूमि विद्येयक विरुद्ध प्रदर्शन

**धर्मेन्द्र कुमार साह/मध्यान्ह**
रौतहट, १६ भदौ




भुमि सम्बन्धी विद्येयकको विरोधमा उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले रौतहटको चन्द्रनिगाहपुरमा प्रदर्शन गरेको छ।

जसपाका सयौं कार्यकर्ताले चन्द्रनिगाहपुर बजारदेखि पूर्व-पश्चिम राजमार्गसम्म विरोध प्रदर्शन गरेका हुन्।

प्रदर्शनपश्चात आयोजित कोणसभामा पार्टीका नेता श्याम बिहारी यादवले भुमि विद्येयक मधेशको अस्तित्वसँग जोडिएको बताए। उनले सरकारले यसलाई राज्य मधेशलाई मरुभूमिकरण र आन्तरिक उपनिवेशीकरणमा फसाउन खोजेको आरोप लगाए। जसपा नेपालले भूमि सम्बन्धी विधेयक मुलुक र जनताको हितमा नरहेको बताउँदै आएको छ।

# विद्यार्थीलाई पोसाक वितरण



**कमल कुमाल/मध्यान्ह**
कालीकोट,१६ भदौ

कालीकोटको रास्कोट नगरपालिका-४ मा रहेको रमालमष्टो आधारभूत विद्यालयका विद्यार्थीलाई पोसाक वितरण गरिएको छ।

विद्यालयको वार्षिक कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०८१/८२ को सार्वजनिक सुनुवाइसँगै पोसाक वितरण गरिएको विद्यालयका प्रधानाध्यापक सुशिला बम शाहीले जानकारी दिइन्। उनले विद्यार्थीलाई पोसाक वितरणसँगै विद्यालयलाई आवश्यक सहयोग गर्न स्थानीय तह र सरोकारवालालाई आग्रह गरिन्। वितरण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टिकाराज उपाध्यायको सभापतित्वमा सम्पन्न भएको थियो। कार्यक्रममा वडा नं. ४ का वडाध्यक्ष दिनेश संज्याल, नेकपा माओवादी केन्द्र वडा नं. ४ का अध्यक्ष नवराज उपाध्याय, अभिभावक संघका अध्यक्ष खेमराज संज्यालसहित अभिभावक र विद्यार्थीहरूको सहभागिता रहेको थियो।

# प्रमुख प्रशासकीय अधिकृतलाई स्वागत

**नवीन श्रेष्ठ/मध्यान्ह**
सिन्धुली, १६ भदौ



हरिहरपुरगढी गाउँपालिकामा सरुवा भइ आएका प्रमुख प्रशासकीय अधिकृत तुलसीराम आचार्यलाई गाउँपालिकामा भव्य स्वागत गरिएको छ। सोमबार आयोजित कार्यक्रममा अध्यक्ष बज्रध्वज वाइवाले स्वागत गर्दै जनप्रतिनिधि र कर्मचारीबीच सुमधुर सम्बन्ध हुनु आवश्यक रहेको बताए।

अध्यक्ष वाइवाले भने, 'गाउँपालिकाको विकास र जनताको सेवाका लागि निर्वाचित जनप्रतिनिधि र कर्मचारीको उद्देश्य एउटै हो। त्यसैले सबैले एकढिक्क भएर अगाडि बढ्नु आवश्यक छ।'उनले स्थानीय सरकारले संवैधानिक अधिकार प्रयोग गरी कानून निर्माण गर्न सक्ने भए पनि केही संघीय कानुनहरूले काम गर्न अवरोध पुऱ्याएकोमा असन्तुष्टि व्यक्त गरे। प्रमुख प्रशासकीय अधिकृत आचार्यले गाउँपालिकाको विकास र जनताको हितलाई सन्तुलित रूपमा अगाडि बढाउने प्रतिबद्धता जनाए। उनले जनप्रतिनिधि र सरोकारवालासँग सहकार्य गर्दै योजनाहरू कार्यान्वयन गर्ने बताए।

**साउदीमा रोजगार**
कम्पनी: WADHA GHAZI HIJIAN AL-SALMI CONTRACTING ESTABLISHMENT — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ — चलानी नं.: ६०२४४०९४ — LT. No.: 330292

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load Unload Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४५,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २४ गते (9 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**United World Manpower Pvt. Ltd.** — श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

**UAE मा रोजगार** — कम्पनी : Granite Construction Company Wll
पूर्व स्वीकृती मितिः २०८२/०५/१६ — चलानी नं. ६०२४४१६७ — LT.No. 330361

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 30 | काममा दक्ष | 1500 | ५७,५९५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Labour | 75 | | 1000 | ३८,३९५।- | | | | | | | |
| ३. | Mason | 30 | | 1500 | ५७,५९५।- | | | | | | | |
| ४. | Scafolder | 30 | | 1500 | ५७,५९५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ भाद्र २४ गते (9 Sept., 2025) यस प्रा. लि. को कार्यालय बसुन्धरा काठमाडौंमा हुनेछ।

**Arte Global Skills Recruitment Pvt. Ltd.**
arte recruitment — Govt. Lic. No. 1663/080/081
Tokha-5, Basundhara, Tel.: 01-4971735, 4971736, 9706533144
9706533155, 9706533166, 9803210041, 9814778371
Email: cv@arterecruitment.com | Web: www.arterecruitment.com.np

**बहराइनमा रोजगारको अवसर**
कम्पनी: NASS CONTRACTING CO — शहर: BAHRAIN
पूर्व स्वीकृत मितिः २०८१/०४/१५ — चलानी नं.: ६०२२२८५५ — LT. No.: 308167 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 70 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५६,०२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Operator | 30 | 0 | | 150 | ५६,०२९ | | | | | | |

पिआइटि ट्रेनिङ सेन्टर धनुषामा २०८२ भदौ २४ (9 September 2025) मा हुनेछ।
सैलेश ट्रेनिङ सेन्टर सिराहामा २०८२ भदौ २५ (10 September 2025) मा हुनेछ।
सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर सुन्सरीमा २०८२ भदौ २६ (11 September 2025) मा हुनेछ।
गजराज ट्रेनिङ सेन्टर बाँकेमा २०८२ भदौ २७ (12 September 2025) मा हुनेछ।
तिलोतमा नगरपालिका रूपन्देहिमा २०८२ भदौ २८ (13 September 2025) मा हुनेछ।
पिआइटि ट्रेनिङ सेन्टर धनुषामा २०८२ भदौ २९ (14 September 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**AMBE INTERNATIONAL H.R. NEPAL PVT. LTD.**
साविकको नाम : (GLOBAL MANPOWER SOLUTIONS PVT. LTD.)
Govt. Lic. No.: 1645/080/081
P.O. Box:3355 | Samakhushi, Kathmandu, Nepal Email: ambeintnepal@gmail.com
Phone : +977 01 5904717 | 9767232692 | 9823904717 | 9823904718, 9823904719

मध्यान्ह
www.madhyanhadaily.com
१७ भदौ २०८२ मंगलबार
2 September 2025 Tuesday

## सम्पादकीय

# सैन्य नीति अस्वीकार

नेपालको पहिचान हो– कहिल्यै कुनै पनि शक्ति राष्ट्रको पक्षमा लागेन । असंलग्न परराष्ट्र नीतिमा अडिग रह्यो र आफ्नो बुझाइ–क्षमताअनुसार हरेक विश्व घटनाको व्यख्या गऱ्यो र सधैं शन्तिका पक्षमा उभियो । नेपालको यस्तो पहिचान बदल्ने प्रयासमा भने शक्ति राष्ट्र निरन्तर रहेका छन् । हालै चीनले आफूले अघि सारेको सुरक्षासम्बन्धी अवधारणा 'ग्लोबल सेक्युरिटी इनिसिएटिभ' (जिएसआई)मा नेपालले समर्थन गरेको भनेर विश्वसामु भनेको छ । चीनको परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा नेपालले जीएसआईलाई समर्थन गरेको उल्लेख छ । नेपालका प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमै छन् । यहीबेला यस्तो विषय बाहिरिनुले शंका उब्जाएको छ । भलै नेपालका तर्फबाट जिएसआईलाई समर्थन नगरेको प्रस्ट्याउने कार्य भएको छ । यसबारे नेपालका तर्फबाट आधिकारिक रूपका बोल्ने काम भने भएको छैन ।

सैन्य रणनीति हरेक देशको फरकफरक हुन्छ । कुनै शक्ति राष्ट्रले विश्वव्यापी रूपमा आफूलाई बलियो बनाउन यस्तो नीति बनाउन सक्छन् । त्यस्तोमा नेपालजस्तो देश जो कहिल्यै कसैको पक्षमा उभिएन र आफ्नो निर्णय गर्दै अगाडि बढ्यो यस्तो देशका लागि अरू देशका सैन्य नीति स्वीकार हुन सक्दैन । तर नेपाललाई अनेक नाममा आफ्नो पक्षमा पार्ने प्रयासमा छन् । कहिले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसि)का रूपमा नेपाललाई पक्षधर बनाउने प्रयास भएको छ । कहिले अमेरिकी स्टेट पार्टनरसिप प्रोग्राम (एसपिपी)का नाममा नेपाललाई आफ्नो कित्तामा उभ्याउने प्रयास भएको छ । यस्ता प्रस्ताव गरिबी, वातावरण परिवर्तनजस्ता विषय जोडिएर अगाडि बढ्छन र सैन्य नीतिमा संलग्नतासँग जोडिन पुग्छन् । विश्वव्यापी गरिबीसँग जुध्न विभिन्न मुलुकमा आर्थिक अनुदान उपलब्ध गराउन भनेर अमेरिकाले वैदेशिक सहायता एजेन्सी एमसिसी खडा गरेको हो । यो सैन्य रणनीति हो वा होइन भन्ने अस्पष्टताबीच नेपालले एमसिसीको सहायता स्वीकार गरेको छ । यो स्वीकार गर्ने र नगर्ने विषयले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) विभाजन हुन पुग्यो । पछि नेपालले एकतर्फी रूपमा व्याख्यात्मक टिप्पणी गरेर स्वीकार गर्ने निर्णय गऱ्यो । एमसिसीको विषय सेलाउन नपाउँदै एसपिपीको विषय अगाडि आयो तर नेपालले स्वीकार गरेन । यहीबेला अर्को शक्ति राष्ट्र चीनले जिएसआईमा नेपालले समर्थन गरेको विषय विश्वसामु पुऱ्याएको हो ।

मुलुकको नेतृत्व गरेका व्यक्ति निश्चित समयका मात्रै नेता होइनन् । मुलुकको हजारौं वर्षको इतिहाससँग सचेत भए मात्रै वर्तमानमा सही काम हुन्छ । यसकारण मुलुकको नेतृत्व गर्ने व्यक्तिका विषयमा आमचासो हुने हो । जसले आफू सकिएर पनि मुलुक बचाउन भूमिका खेल्नुपर्छ । क्षणभरको लाभ हेर्दा इतिहासको अस्तित्व र पहिचानमा असर पर्न सक्छ । यसमा ख्याल गर्दै नेपालले सबै प्रकारका शक्तिका सैन्य नीति अस्वीकार गर्नुपर्छ ।

# विकल्प वैदेशिक रोजगार !

*युवाहरूलाई वैदेशिक रोजगारीको बाध्यता होइन, आफ्नै देशमा सिप र मेहनत प्रयोग गरेर सम्मानपूर्वक बाँच्ने वातावरण दिन सकियो भने मात्र साँचो अर्थमा बेरोजगारी समस्या कम हुनेछ...*

अग्रलेख



● ईश्वर बुढाथोकी



नेपालजस्ता विकासोन्मुख मुलुकमा बेरोजगारी एउटा दीर्घकालीन समस्या बनेको छ । शिक्षा हासिल गरेका हजारौं युवा रोजगारीको अभावमा घरमै निष्क्रिय बस्न बाध्य छन् भने अलि बढी संघर्षशील र जोखिम लिन चाहनेहरू बिदेसिन बाध्य हुन्छन् । कतिपयका लागि वैदेशिक रोजगारी जीवनको नयाँ ढोका हो भने कतिपयका लागि बाध्यता । तर के बेरोजगारी समस्याको समाधान वैदेशिक रोजगारी मात्र हो त भन्ने प्रश्न गम्भीर र समयसापेक्ष छ ।

नेपालमा बेरोजगारी समस्या बढ्नुका कारण धेरै छन् । पहिलो कारण भनेको उत्पादनमुखी शिक्षा प्रणालीको अभाव हो । विद्यालयदेखि विश्वविद्यालयसम्म अध्ययन गर्ने धेरैजसो विद्यार्थीहरूले शैक्षिक प्रमाणपत्र त पाउँछन् तर त्यसको प्रत्यक्ष प्रयोग हुने सिप उनीहरूसँग हुँदैन । यसरी शिक्षालाई जीवनयापनसँग गाँस्ने क्षमता कमजोर हुँदा लाखौं युवा बेरोजगार बन्न पुगेका छन् । दोस्रो ठुलो कारण भनेको राज्यको रोजगार सिर्जना गर्ने क्षमतामा कमी हुनु हो । कृषि, उद्योग र सेवा क्षेत्रमा पर्याप्त लगानी र नीतिगत स्पष्टता नहुँदा आन्तरिक रोजगारीका अवसर सीमित रहन्छन् ।

यस्तो अवस्थामा वैदेशिक रोजगारी युवाहरूका लागि विकल्पका रूपमा आएको छ । वैदेशिक रोजगारीले व्यक्तिगत स्तरमा मात्र होइन, राष्ट्रिय अर्थतन्त्रमा पनि ठुलो योगदान दिएको छ । परदेशबाट आउने रेमिट्यान्स आज नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी)को महत्वपूर्ण हिस्सा हो । ग्रामीण भेगका घरधुरीहरू वैदेशिक रोजगारीकै कारण छतले छाएको पक्की घर बनाउन, छोराछोरीलाई निजी विद्यालयमा पढाउन र स्वास्थ्य उपचारमा खर्च गर्न सक्षम भएका छन् । यसरी वैदेशिक रोजगारीले आमनागरिकको जीवनस्तरमा ठुला परिवर्तन ल्याएको देखिन्छ ।

तर, वैदेशिक रोजगारीले बेरोजगारी समस्या पूरै समाधान गर्छ भन्ने दाबी ठिक हुँदैन । यसका सीमाहरू पनि उत्तिकै छन् । पहिलो, बिदेसिनेमध्ये धेरैजसो असुरक्षित काममा संलग्न हुन्छन् । खाडी मुलुक, मलेसिया जस्ता स्थानमा गएका नेपालीहरूले घाम, धुलो र श्रममा जीवन बिताउँछन् तर उनीहरूको मेहनतको मूल्य न्यून हुन्छ । मजदुरी प्राप्त गर्दा समेत शोषण हुने, कानुनी अधिकार नपाउने र कहिलेकाहीँ त जीवन नै गुमाउनुपर्ने अवस्थासम्म आउँछ ।

वैदेशिक रोजगारीले देशभित्रको उत्पादनशील क्षेत्रलाई अझै कमजोर बनाएको छ । युवा पुस्ता बिदेसिन थालेपछि गाउँमा खेतीपाती गर्ने हात घट्यो । जोत्ने मान्छे नभएपछि उर्वर जमिन बाँझै बस्ने अवस्था छ । यसरी कृषि उत्पादनमा कमी आउँदा देश आयातमा अझ बढी निर्भर हुँदै गएको छ । यसलाई दीर्घकालीन रूपमा हेर्दा बेरोजगारी समाधान नभई उल्टै आत्मनिर्भर अर्थतन्त्रमा आघात पुगेको देखिन्छ ।

वैदेशिक रोजगारी अस्थायी समाधान मात्र हो । विदेशमा काम गर्न सक्ने उमेर पुग्दा मात्र यो विकल्प उपयुक्त हुन्छ । १०-१५ वर्षपछि जब ती कामदारहरू फर्किन्छन्, तब उनीहरूलाई नेपालमा पुनः रोजगारी दिन सक्ने व्यवस्था अभाव हुन्छ । त्यस्तो अवस्थामा 'वैदेशिक रोजगारीले बेरोजगारीको समस्या समाधान गऱ्यो' भन्ने कुरा टाढाको हावाजस्तै लाग्छ ।

नेपालले बेरोजगारी समस्या समाधान गर्न वैदेशिक रोजगारीबाहेकका विकल्पमा ध्यान दिन जरुरी छ । पहिलो, कृषि क्षेत्रमा आधुनिकता र प्रविधिको प्रयोग बढाउनु आवश्यक छ । कृषि क्षेत्रमा लगानी भए हजारौं युवालाई गाउँमै उत्पादनमुखी रोजगारी दिन सकिन्छ । खेतीलाई व्यवसायीकृत गर्दै उत्पादनलाई बजारसँग जोड्न सकियो भने युवाहरू विदेशतिर होइन, आफ्नै माटोमा पसिना बगाउन रुचाउनेछन् ।

साना तथा मध्यम उद्योगलाई प्रोत्साहन दिनुपर्छ । नेपालमा हरेक वर्ष हजारौं युवा सिपसहित स्नातक वा प्राविधिक शिक्षा लिएर निस्कन्छन् । तर तिनले आफ्नै उद्योग वा व्यवसाय सुरु गर्ने वातावरण पाउँदैनन् । यदि सरकारले कर छुट, लगानीमा सजिलो ऋण र बजार सुनिश्चित गर्ने नीति ल्यायो भने तिनले रोजगारी सिर्जना गर्न सक्नेछन् । यसले केवल उनीहरूलाई मात्र होइन, अरूलाई पनि रोजगारी दिने सम्भावना बढ्छ ।

पर्यटन क्षेत्रलाई अझ सशक्त बनाउन सकिन्छ । प्राकृतिक सौन्दर्य, संस्कृति र धार्मिक सम्पदाले धनी नेपालमा लाखौं पर्यटक भित्र्याउने सम्भावना छ । यदि पर्यटन प्रवर्धनका कार्यक्रमलाई गम्भीरतापूर्वक अगाडि बढाइयो भने, होटल व्यवसायदेखि यातायात, हस्तकला, गाइडिङ, कला-संस्कृतिलगायतका क्षेत्रमा व्यापक रोजगारी सिर्जना गर्न सकिन्छ ।

सूचना प्रविधि (आईटी) क्षेत्रलाई व्यवस्थित र बलियो बनाउन सकिन्छ । अहिले विश्वव्यापी रूपमा अनलाइन काम, सफ्टवेयर विकास, ग्राफिक डिजाइन, डिजिटल मार्केटिङ, फ्रिलान्सिङजस्ता कामहरू विस्तार हुँदै छन् । नेपालका युवामा पनि यस क्षेत्रमा क्षमता छ । तर सरकारले आधारभूत पूर्वाधार, इन्टरनेट पहुँच र प्रोत्साहनको व्यवस्था गर्न सके भने हजारौं युवा आफ्नो घरमै बसेर विश्व बजारसँग जोडिन सक्नेछन् । यसले वैदेशिक रोजगारीमा जाने आवश्यकतामा कमी ल्याउँछ ।

राजनीतिक स्थायित्व र सुशासन आवश्यक छ । लगानीकर्ताहरू विश्वासिलो वातावरण खोज्छन् । राजनीतिक अस्थिरता, भ्रष्टाचार र नीतिगत अस्पष्टताले लगानी भाग्छ । जबसम्म यस्ता समस्या समाधान हुँदैनन्, तबसम्म देशभित्र पर्याप्त रोजगारी सिर्जना हुन सक्दैन । त्यसैले बेरोजगारीको समस्या समाधान गर्न सबभन्दा पहिले स्थायी राजनीतिक वातावरण आवश्यक छ ।

> *वैदेशिक रोजगारीलाई पूर्ण रूपमा नकार्न सकिँदैन । यसले तत्कालीन अवस्थामा धेरै नेपालीलाई रोजगारी दिएको छ र देश पनि आर्थिक रूपमा अडिरहेको छ । तर दीर्घकालीन समाधानका लागि केवल वैदेशिक रोजगारीमा भर पर्नु उपयुक्त होइन...*

वैदेशिक रोजगारीलाई पूर्ण रूपमा नकार्न सकिँदैन । यसले तत्कालीन अवस्थामा धेरै नेपालीलाई रोजगारी दिएको छ र देशलाई पनि आर्थिक रूपमा अडाइरहेको छ । तर दीर्घकालीन समाधानका लागि केवल वैदेशिक रोजगारीमा भर पर्नु उपयुक्त होइन । वैदेशिक रोजगारीलाई अन्तिम विकल्प होइन, अस्थायी सहारा मात्र ठान्नुपर्छ ।

नेपालले आफ्नो आन्तरिक स्रोत र सम्भावनालाई चिन्नु जरुरी छ । कृषि, पर्यटन, उद्योग, सूचना प्रविधि र जलस्रोत जस्ता क्षेत्रलाई व्यवस्थित विकास गरेर मात्र बेरोजगारीको समस्या दीर्घकालीन रूपमा समाधान गर्न सकिन्छ । युवाहरूलाई वैदेशिक रोजगारीको बाध्यता होइन, आफ्नै देशमा सिप र मेहनत प्रयोग गरेर सम्मानपूर्वक बाँच्ने वातावरण दिन सकियो भने मात्र साँचो अर्थमा बेरोजगारी समस्या कम हुनेछ । त्यसैले 'बेरोजगारीको समस्याको समाधान वैदेशिक रोजगारी मात्र हो' भन्ने भनाइ पूर्ण सत्य होइन, बरु अस्थायी र अधुरो दृष्टिकोण मात्र हो ।

*(बुढाथोकी, वैदेशिक रोजगारको क्षेत्रमा आबद्ध छन् ।)*

## इतिहासमा आज

२ सेप्टेम्बर २०२४ मा प्रजातान्त्रिक गणतन्त्र कंगोको किन्सासामा रहेको मकाला जेलमा जेल तोडफोडको प्रयासमा कम्तीमा १२९ कैदीहरू मारिएका थिए भने ५९ जना घाइते भएका थिए ।



२ सेप्टेम्बर २०२२ मा अफगानिस्तानको हेरातमा रहेको सुन्नी मस्जिदमा आत्मघाती बम विस्फोट हुँदा १८ जनाको मृत्यु भएको थियो भने २३ जना घाइते भएका थिए ।



२ सेप्टेम्बर २०२३ मा भारतको पहिलो सौर्य अवलोकन अभियानअन्तर्गत भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो)ले सतीश धवन अन्तरिक्ष केन्द्रबाट आदित्य-एल१ सफलतापूर्वक प्रक्षेपण गरेको थियो ।



२ सेप्टेम्बर १९९० मा ट्रान्सनिस्ट्रियालाई एकतर्फी रूपमा सोभियत गणतन्त्र घोषणा गरिएको थियो । तर सोभियत राष्ट्रपति मिखाइल गोर्बाचेभले निर्णयलाई रद्द र अमान्य घोषणा गरेका थिए ।




## सामाजिक सञ्जाल




**अनिल गिरी**

ओलीले चीनका राष्ट्रपति सि चिनफिङसँगको लिपुलेक नेपालको मात्र भनेनन् कि कूटनीतिक नोट पठाएर कडा प्रतिवाद गरेको समेत बताएर देशका लागि राम्रै गुन लगाइदिएका छन् ! पहिलो पटक नेपालले चिनियाँ राष्ट्रपतिसमक्ष आफ्नो भूमि बारे दाबी पेस गरेको छ, जसका लागि ओलीलाई धन्यवाद !



**सूर्यराज आचार्य**

सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको सवालमा देश सानो वा ठुलो भन्ने कुरा हुँदैन । दुवै ठुला छिमेकीसँग मित्रवत् सम्बन्ध कायम राख्दै र तिनका जायज चासोप्रति संवेदनशील रहँदै आएको नेपाललाई यो मुद्दामा दुवै छिमेकीले हेपेको जस्तो देखिन्छ । नेपालले आफ्नो अडान रत्तीभर पनि छाड्नुहुँदैन । आवश्यक परेमा यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ ।



**उमेश मैनाली**

राजनीतिक शैली, कटुवचन र प्रस्तुति मन नपरे पनि लिम्पियाधुरा, लिपुलेक र कालापानीको सम्बन्धमा प्रधानमन्त्री केपी शर्मा ओलीको राष्ट्रवादी अडान सराहनीय छ । चिनियाँ राष्ट्रपतिसँग जस्तै मोदीसँग पनि आँखा जुधाएर नेपालको चुच्चे नक्सावारे अडान राख्नुहोस् भन्ने शुभकामना छ ।



**प्रेमकान्त अधिकारी**

उत्तर र दक्षिणका विशालतम् देशहरू चीन र भारतले बिचमा भएको नेपाललाई आक्रान्त बनाइयो । छिमेकी मित्रराष्ट्र भन्नु मात्र हुने भयो । मत्स्ये न्यायको सिद्धान्त अपनाए । सानो कमजोर देखिएपछि के हुँदो रहेछ छिमेकीहरू मिलेर आ-आफ्नो व्यापारिक फाइदाको लागि हेपाहा मिचाहा प्रवृत्ति देखाए ।

# विदेशमा रोजगार, स्वदेशमा बेरोजगार

विचार



● डा. सुमनकुमार रेग्मी

> *नेपालको शिक्षा प्रणालीले विदेशमुखी बनाउने होइन, स्वदेशमै श्रम प्रयोग गरी उत्पादनशील बनाउन सक्ने हुनुपर्छ । युवा देशका कर्णधार हुन् । उनीहरूको बुद्धि, सिप र श्रमलाई देशको विकासमा उपयोग गर्न सके नेपाल शक्तिशाली बन्न सक्छ...*

नेपालको संविधान २०७२ को धारा ३३ र ३४ले प्रत्येक नागरिकको रोजगारी र श्रमको अधिकार सुनिश्चित गरेको छ । युवाहरूको समग्र विकास र विस्तारका लागि तयार गरिएको १० वर्षे रणनीतिक योजना र कार्यक्रमका पाँचवटा खम्बामध्ये ठोस कार्यान्वयन गर्न सकेमा युवाको मात्र होइन, देशको आर्थिक-सामाजिक रूपान्तरणमा पनि महत्वपूर्ण योगदान पुग्नेछ भन्नेमा दुई मत हुन सक्दैन । हाल सार्वजनिक तथ्यांकअनुसार नेपालमा बेरोजगारीको दर ११ दशमलव ४ प्रतिशत छ, जसमा पुरुषको १० दशमलव ३ र महिलाको १३ दशमलव ३ प्रतिशत हिस्सा छ । १५ वर्ष वा सोभन्दा माथिको दुई करोड सात लाख १४ हजार जनसंख्यामध्ये करिब ७० लाख ८६ हजार मात्रै रोजगारमा संलग्न छन् ।

नेपालमा रोजगारीको अवस्था सन्तोषजनक छैन । श्रमशक्ति आपूर्ति र मागबीच ठूलो अन्तर छ । प्रत्येक वर्ष करिब पाँच लाख नयाँ श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने भए पनि आन्तरिक रोजगारीका अवसर अभाव भएकाले करिब चार लाखभन्दा बढी युवा वार्षिक रूपमा बिदेसिन बाध्य छन् । हालसम्म ४० लाखभन्दा बढी नेपाली विदेशमा रोजगारीमा रहेका छन् । श्रम ऐन २०७४, सामाजिक सुरक्षा ऐन २०७४ र श्रम नियमावली २०७५ कार्यान्वयनमा आइसकेका छन् । तर, कानूनी व्यवस्था भए पनि कार्यान्वयन ढिलो र कमजोर देखिन्छ । आन्तरिक श्रम बजारलाई विस्तार र व्यवस्थित गर्न सके वैदेशिक रोजगारीमाथि निर्भरता घटाउन सकिन्छ । कार्यान्वयनको निगरानी गर्ने निकाय सक्षम र अधिकारसम्पन्न हुनुपर्ने आवश्यकता प्रस्ट देखिन्छ ।

श्रम नियमावली २०७५ले आन्तरिक रोजगारी र श्रमिकका अधिकारलाई प्राथमिकता दिएको छ । घरेलु कामदारलाई वार्षिक १२ दिन तलबसहितको बिदा अनिवार्य गरिएको छ भने श्रमिकको तलब अनिवार्य रूपमा बैंकमार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था गरिएको छ । सञ्चय कोष, सामाजिक सुरक्षा कोषमा योगदान, स्वास्थ्य तथा बिमा सुविधा, श्रमिक कल्याणकारी कोषलगायत ८८ वटा प्रावधान समावेश गरिएको छ ।

नेपालमा हाल करिब ५० लाख श्रमिक कार्यरत छन् । रोजगारीको वितरण हेर्दा, सहरी क्षेत्रमा ६९ दशमलव २ प्रतिशत र ग्रामीण क्षेत्रमा ३० दशमलव ८ प्रतिशत छ । त्यस्तै, औपचारिक क्षेत्रमा ३७ दशमलव ८ र अनौपचारिक क्षेत्रमा ६२ दशमलव २ प्रतिशत आर्थिक गतिविधि हुन्छ । तर, रोजगारी संरचना हेर्दा औपचारिक क्षेत्रमा मात्र १५ दशमलव ४ प्रतिशत र अनौपचारिक क्षेत्रमा ८४ दशमलव ६ प्रतिशत श्रमिक छन् ।

आर्थिक वृद्धिका लागि आवश्यक रोजगारी सिर्जना हुन नसक्दा शिक्षित बेरोजगारको संख्या तीव्र रूपमा बढ्दो छ । शिक्षाले सिप र उद्यमशीलता भन्दा बढी ज्ञान-सिद्धान्तमा मात्र जोड दिएकाले लाखौं युवा श्रमशक्ति दिशाहीन बनेका छन् । परिणामस्वरूप, आफ्नै गाउँघरमा श्रमको कमी, कृषियोग्य जमिन बाँझो रहने अवस्था र वैदेशिक मोह बढ्दै गएको छ ।

सरकारी तथ्यांकअनुसार दैनिक करिब १५ सय युवा बिदेसिने गरेका छन् । भारततर्फ जानेहरूको तथ्यांक त औपचारिक रूपमा नाप्न पनि सकिएको छैन । हरेक वर्ष करिब चार लाख नयाँ श्रमशक्ति उत्पादन हुने तर आन्तरिक रोजगारीमा समेट्न नसकिँदा वैदेशिक रोजगारतर्फ धकेलिन बाध्य भइरहेका छन् । नेपाली युवाले आफ्नै देशमा गर्न सक्ने तरकारी खेती, पशुपालन वा अन्य श्रमप्रधान कार्यलाई विदेशमा गएर गर्वका साथ गर्छन् तर स्वदेशमै गर्न हिच्किचाउँछन् । अर्को पाटोमा छिमेकी मुलुकका नागरिक नेपालमा आएर यिनै काम गरेर जीविकोपार्जन मात्र नभई गुप्तचर गतिविधिसम्म गरिरहेको देखिन्छ । यस्तो अवस्थामा नेपाली युवा आफ्नै भूमिमा श्रम गर्न किन हतोत्साहित हुन्छन् भन्ने प्रश्न गम्भीर छ ।

नेपालको शिक्षा प्रणालीले विदेशमुखी बनाउने होइन, स्वदेशमै श्रम प्रयोग गरी उत्पादनशील बनाउन सक्ने हुनुपर्छ । युवा देशका कर्णधार हुन् । उनीहरूको बुद्धि, सिप र श्रमलाई देशको विकासमा उपयोग गर्न सके नेपाल शक्तिशाली बन्न सक्छ । राष्ट्रिय युवा परिषद्का अनुसार १६ देखि ४० वर्ष उमेर समूहका युवा नेपालको कुल जनसंख्याको ४० दशमलव ३५ प्रतिशत छन् । यिनै युवाको सक्रिय सहभागिता विना 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा सफल हुन सक्दैन । त्यसैले, रोजगारमुखी शिक्षा, सिप विकास, उद्यमशीलता प्रवर्द्धन र स्वरोजगारमा जोड दिनु अत्यावश्यक छ ।

सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत बेरोजगार युवालाई विकास निर्माणका कार्यमा संलग्न गराउने नीति लिएको छ । स्थानीय तहसँग सहकार्यमा सिप विकास तालिम, स्वरोजगार कोष, व्यवसाय नेतृत्व र क्षमता अभिवृद्धिका कार्यक्रम अघि सारिएका छन् । युवा परिषद्को 'युवा भिजन २०२५' अनुसार गुणस्तरीय व्यावसायिक शिक्षा, दक्ष श्रमशक्ति उत्पादन र स्वदेशमै स्वरोजगार सिर्जनालाई प्राथमिकतामा राखिएको छ । यसको सफल कार्यान्वयनका लागि शिक्षा मन्त्रालय लगायत सरकारी तथा गैरसरकारी निकायबीच सहकार्य अपरिहार्य छ । विद्यालय तहदेखि नै व्यावसायिक र व्यावहारिक शिक्षा प्रवर्धन गरेर मात्र स्वदेशमै उत्पादनशील युवा शक्ति तयार गर्न सकिन्छ ।

*(लेखक रेग्मी, व्यापार तथा निकासी प्रवर्धन केन्द्रका पूर्व नायब कार्यकारी निर्देशक हुन् ।)*

# लुम्बिनी र गण्डकी प्रदेशको मुख्यमन्त्रीस्तरीय बैठक सम्पन्न, नौबुँदे सहमतिपत्रमा हस्ताक्षर

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
लुम्बिनी, १६ भदौ

लुम्बिनी र गण्डकी प्रदेशको दोस्रो मुख्यमन्त्रीस्तरीय संयुक्त बैठक स्याङ्जाको गल्याङ नगरपालिका-१, मालुङ्गामा सोमबार सम्पन्न भएको छ। बैठकले दुवै प्रदेशको साझा विकास र समृद्धिका लागि नौबुँदे सहमति पत्रमा हस्ताक्षर गरेको छ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सहमतिपत्रमा हस्ताक्षर गरेका छन्।

बैठकले दुवै प्रदेशबीच सहकार्यलाई थप प्रभावकारी बनाउँदै संविधानले प्रदान गरेको अधिकारको पूर्ण कार्यान्वयनका लागि प्रतिबद्धता जनाएको छ। मुख्यमन्त्री आचार्यले केही निर्णयहरू कार्यान्वयनको चरणमा रहेको र संघीय सरकारसँग समन्वय गरी बाँकी अधिकार प्रत्यायोजनका लागि पहल भइरहेको बताए। यस्तै, मुख्यमन्त्री पाण्डेले सडक पूर्वाधारलगायतका समस्याको समाधानमा ध्यानाकर्षण गराउने योजना रहेको उल्लेख गरे।




गत माघ ३० गते पाल्पाको रानीमहलमा भएको पहिलो बैठकका २१ बुँदे प्रतिबद्धताको समीक्षा गर्दै तीन महिनाभित्र कार्ययोजना तयार गर्ने निर्णय भएको छ। बैठकले दामोदरकुण्ड-कृष्णागण्डकी'उत्तरवाहिनी'-लुम्बिनी मुक्तिमार्ग विकासका लागि अवधारणा पत्र तयार गर्ने, कालीगण्डकी तटीय क्षेत्रको समृद्धिका लागि पुस मसान्तभित्र कार्ययोजना पेस गर्ने र कात्तिक महास्नान तथा दामोदर धर्मोत्सवलाई भव्य बनाउन सहजीकरण गर्ने निर्णय गरेको छ।

यसबाहेक, सिकाइ आदान-प्रदानका लागि प्रमुख सचिवस्तरीय संयन्त्र गठन, कानूनी र नीतिगत एकरूपता कायम गर्ने, र दुवै प्रदेशका तीर्थस्थल र पर्यटकीय स्थललाई जोड्ने पदमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सहमति भएको छ। लुम्बिनी र गण्डकी प्रदेशको यो संयुक्त पहलले दुवै प्रदेशको आर्थिक, पर्यटकीय र धार्मिक समृद्धिका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। सहमति कार्यान्वयनले प्रदेशहरूको विकासमा नयाँ आयाम थपिने विश्वास व्यक्त गरिएको छ।

# आरएचभिएपीको अस्थायी कार्यालय स्थापना

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १६ भदौ

उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम, प्रादेशिक कार्यक्रम व्यवस्थापन कार्यालय (आरएचभिएपी)को अस्थायी कार्यालय स्थापना भएको छ।

सोमबार कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले कार्यालयको शुभारम्भ गरेका हुन्।

शुभारम्भ कार्यक्रममा मन्त्री शाहले यस कार्यालयको स्थापना अर्को व्यवस्थापन नभएसम्मका लागि अस्थायी कार्यालयको रुपमा रहने बताए।

मन्त्री शाहले कर्णाली प्रदेशमा कार्यान्वयनको चरणमा रहेको यस कार्याक्रमले प्रदेशको कृषि क्षेत्रको विकासमा महत्वपूर्ण योगदान प्रदान गर्ने उल्लेख गरे। उनले भने, 'हाम्रो निर्वाहमुखी कृषि प्रणालीलाई नाफामुखी कृषिमा रुपान्तरणका साथै कर्णालीको रैथाने बालीको सम्बर्धन गरी प्रायावरणमैत्री



कृषि उत्पादन र बजारीकरणको व्यवस्थापन गर्ने छ।'

यस्तै, मन्त्री शाहले यस कार्यक्रमबाट साना किसानहरुको आय स्तरमा वृद्धि भइ किसानहरुको जीवनस्तरमा सुधार, कृषि तथा पशुपन्छि क्षेत्रको विकास सँगै रोजगारी सिर्जना गर्ने बताए।

यस्तै, मन्त्रालयका सचिव परशुराम रावतले आर्थिक वर्ष २०८१/०८२ देखि २०८९/०९० सम्म ८ वर्षसम्म सञ्चालन हुने र कर्णाली प्रदेशमा एक प्रादेशिक कार्यक्रम सुर्खेत, जुम्ला र जाजरकोटमा कोरिडर कार्यालयहरु रहने बताए।

सचिव रावतले गरिबी न्यूनीकरण गर्ने, साना किसान परिवारको उत्थानशीलता अभिवृद्धि तथा सुधार गर्ने लक्ष्य रसाना किसानहरुको कृषि प्रणालीलाई लाभकारी, समावेशी र प्रायावरणमैत्री बनाइ दिगो खाद्य प्राणालीमा रुपान्तरण गर्न सहयोग गर्ने उदेश्य राखेको बताए।

कार्यक्रम कर्णाली प्रदेशका ८ जिल्लाका ३२ वटा पालिकामा लागू हुनेछ। कृषि विकासका लागि अन्तराष्ट्रिय कोष (इफाड)ले आर्थिक सहयोग गरेको यो कार्यक्रम संघ, प्रदेश, स्थानीय तह र लाभग्राही उत्पादक/उद्यमीसँग मिलेर सञ्चालन गरिने मन्त्रालयले जनाएको छ।

# कल्पतरुको वार्षिकोत्सव तथा साधारण सभा सम्पन्न

**काठमाडौं/मस**-कल्पतरु प्रज्ञा प्रतिष्ठानले आफ्नो प्रथम साधारणसभा सम्पन्न गरेको छ।



वरिष्ठ कवि कञ्चन पुडासैनीको प्रमुख आतिथ्यमा भएको अधिवेशनको अध्यक्षता संस्थाका अध्यक्ष नवराज पुडासैनीले गरेका थिए।

कार्यक्रममा अभिनव साहित्य समाजका अध्यक्ष गोविन्द घिमिरे 'वेदमणि', समालोचक प्रा.डा. गोविन्द मान सिंह कार्की, नेपाली लेखक संघका अध्यक्ष वियोगी बुढाथोकी, साहित्यकार वसन्त रिजाल, उद्धव रायमाझी लगायतको उपस्थिति रहेको थियो।

सो अवसरमा सह-प्राध्यापक डा.विदुला घिमिरे कृत तथा कल्पतरु प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित कृति 'प्राज्ञिक समालोचना' प्रमुख अतिथि कवि पुडासैनीले लोकार्पण गरेका थिए। उक्त कृतिको समीक्षा कल्पतरु द्वैमासिकका कार्यकारी सम्पादक सिध्दनारायण आचार्यले गरेका थिए भने आफ्नै कृतिबारे कृतिकार डा.विदुला घिमिरेले प्रकाश पारेका थिए।

कार्यक्रममा कल्पतरु द्वैमासिक पत्रिकाको २३औं वार्षिकोत्सवका उपलक्ष्यमा वर्ष २०८१/२०८२ भर पत्रिकामा प्रकाशित भएका सिर्जनाको मूल्यांकन गरिएको थियो। प्रत्येक अंकमा उत्कृष्ट ठहरिएका सर्जकहरूको सम्मानसँगै सर्वोत्कृष्ट हुन सफल साहित्यकार विश्व कुँइकेललाई नगद पुरस्कार र प्रमाणपत्रसहित सम्मानित गरिएको थियो।

यसैगरी, प्रतिष्ठानका अध्यक्ष नवराज पुडासैनीले आफ्ना स्वर्गीय पिता कृष्णप्रसाद पुडासैनीको नाममा स्थापना गरिएको 'कल्पतरु-कृष्ण वालप्रतिभा पुरस्कार' इस्टपोल मा.वि. की विद्यार्थी सौरभी तिवारीलाई प्रदान गरेका थिए। कार्यक्रममा स्वागत मन्तव्य कवि गोकुल अधिकारीले गरेका थिए भने धन्यवाद ज्ञापन संस्थाका उपाध्यक्ष विमल अर्यालले गरेका थिए।

पत्रिकाका संस्थापक सम्पादक मुकुन्द अर्यालले कविता वाचन गर्नुका साथै २४ वर्षअघि प्रकाशित भएको कल्पतरु पत्रिकाको पहिलो अंक प्रतिष्ठानको पुस्तकालयलाई हस्तान्तरण गरेका थिए।

दोस्रो सत्रमा निर्वाचन अधिकृत उद्धव रायमाझीले निर्विरोध निर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको नाम घोषणा गरेका थिए।

प्रतिष्ठानको अध्यक्षमा नवराज पुडासैनी 'ज्योत्सना',

उपाध्यक्षमा डा. विदुला घिमिरे र विमल अर्याल निर्विरोध भएका छन्।

यस्तै सदस्य सचिवमा राजन पुडासैनी, सचिवमा रमेश रिजाल, कोषाध्यक्षमा उमेश तिमिल्सिना र सदस्यहरूमा देविका तिमिल्सिना, सुमन पुडासैनी, शशीश्री आचार्य, शारदा अधिकारी, मुकुन्द अर्याल, गोकुल अधिकारी चयन भएका छन्।

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ**
**सडक डिभिजन चरिकोट**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८२/०५/१७**

यस कार्यालयको मिति २०८२/०४/०६को राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०१-०८२/८३अनुसार तपसिल बमोजिमका निर्माण व्यबसायीहरुको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ।

**तपशिल**

| सि.न | ठेक्का नं | स्वीकृतका लागि छनोट भएका बोलपत्र दाताको नाम | कबोल अंक (मु.अ.कर र पी.एस सहित) |
|---|---|---|---|
| 1 | RDCHT/337310113/082/83-01 | SGK Construction, Kathmandu | 4312396.83 |
| 2 | RDCHT/337310113/082/83-02 | KrishalConstruction, Ramechhap | 4063594.00 |
| 3 | RDCHT/337310113/082/83-03 | BRS Construction, Ramechhap | 6614457.70 |
| 4 | RDCHT/337310113/082/83-04 | GautamConstruction,Sindhupalchowk | 4042717.25 |

**डिभिजन प्रमुख**

**चन्द्रनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चन्द्रनगर, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताब सम्बन्धमा।**

**प्रकाशित मिति- २०८२/०५/१७**

| क. स. | ठेक्काको विवरण | प्राविधिक प्रस्तावमा सफल भई आर्थिक प्रस्तावको लागि योग्य बोलपत्रदाता | कैफियत |
|---|---|---|---|
| १. | कृषि विद्युतिकरण (CRM/NCB/01/2081/082) | ऋषभ-भगवान जे.भि, माहागढीमाई-२, बारा। | आर्थिक प्रस्ताव खुल्ने मिति:-२०८२/०५/२४ |

**प्रमुख प्रशासकीय अधिकृत**

**ककनी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**रानीपौवा, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८२/०५/१७**

मिति २०८२/०४/२१ गते यस कार्यालयबाट प्रकाशित शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना बमोजिम E–Bidding मार्फत रीतपूर्वक दर्ता हुन आएका दरभाउ पत्रहरूमध्ये तपसिलका दरभाउ पत्र सबैभन्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिका खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ।

| क्र.स | ठेक्का नं | कामको विवरण | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक भ्याट सहित |
|---|---|---|---|---|
| १ | 02/SQ/KRM/082-083 | Upgrading of covered Hall,Kakani 04 | Drishti Build Solution pvt.ltd | १२,७९,६७९।११ |

**प्रमुख प्रशासकीय अधिकृत**

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८२ साल भदौ महिना १७ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१) शाखा कार्यालय : आदमघाट शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| धन बहादुर रेग्मीको बुहारी हरी कृष्ण रेग्मीको पत्नी धादिङ्ग जिल्ला बैरेनी गा.वि.स. वडा नं. ७ हाल, गल्छी गा.पा. वडा नं. ४ बस्ने **सिर्जना रेग्मी** (ना.प्र.नं. : २६३०४१/१५३ जारी मिति र जिल्ला : २०६३/१०/२१, धादिङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) डम्बर बहादुर रेग्मीको नाति धन बहादुर रेग्मीको छोरा धादिङ्ग जिल्ला बैरेनी वडा नं. ७ हाल, गल्छी गा.पा. वडा नं. ४ बस्ने **हरिकृष्ण रेग्मी** (ना.प्र.नं. : ३७४८ जारी मिति र जिल्ला : २०५०/०९/२६, धादिङ्ग) |
| २) डम्बर बहादुर मगरको छोरी राम बहादर तामाङको बुहारी गणेश तामाङको पत्नी धादिङ्ग जिल्ला कल्लेरी वडा नं. ४ हाल, गल्छी गा.पा. वडा नं. ४ बस्ने **शान्ती मगर** (ना.प्र.नं. : २६२०३१/११३५ जारी मिति र जिल्ला : २०७०/०२/०३, धादिङ्ग) |

**२) शाखा कार्यालय : वीरगंज शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| बागर राउत अहिरको नाति राम लाल राउत अहिरको छोरा पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. १९ हाल, वडा नं. १६ बस्ने **सुरेश राउत अहिर** (ना.प्र.नं. : १६०३१९०९४ जारी मिति र जिल्ला : २०४५/०२/२४, पर्सा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| राम लाल राउत अहिरको बुहारी सुरेश राउत अहिरकोको पत्नी पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १९ हाल, वडा नं. १६ बस्ने **अस्मीता कुमारी यादव** (ना.प्र.नं. : ३४-०१-७३-१२६६५) जारी मिति र जिल्ला : २०७३/१२/१०, पर्सा) |

**३) शाखा कार्यालय : वीरगंज शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| दिया मिश्राको नाति उमा शंकर मिश्राको छोरा पर्सा जिल्ला बगही गा.वि.स. वडा नं. ७ हाल, वीरगंज म.न.पा. वडा नं. २१ बस्ने **आलोक मिश्रा** (ना.प्र.नं. : ०४४६३०९५ जारी मिति र जिल्ला : २०६१/०७/२४, पर्सा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) पन्नलाल साहको नाति शशि भुषण सरार्फकोको छोरा पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. १० हाल, वडा नं. २१ बस्ने **राज सरार्फ** (ना.प्र.नं. : ३४-०१-७५-१३६३२) जारी मिति र जिल्ला : २०७५/०८/१८, पर्सा) |
| २) शिवधर राउत अहिरको नाति श्री प्रभु राउत अहिरकोको छोरा पर्सा जिल्ला वीरगंज वडा नं. १८ हाल, पर्सा जिल्ला विरगंज म.न.पा. वडा नं. २१ बस्ने **भगवान प्रसाद यादव** (ना.प्र.नं. : १६३३१०९७ जारी मिति र जिल्ला : २०६१/०१/३०, पर्सा) |

**४) शाखा कार्यालय : कावासोती शाखा** — **कर्जा शीर्षक : सहुलियत कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **सिता सप्लायर्स** प्रोप्राइटर : सीता देवी गुरुङ प्रा.फ.र.नं. : १९०२/०७७/०७८<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपुर<br>दर्ता मिति : २०७८/०१/१४<br>फर्मको ठेगाना : नवलपरासी (ब.सु.पू) जिल्ला कावासोती न.पा. वडा नं. १३ स्थायी लेखा नं. : ६१५९२१५७८ |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) सेते गुरुङको छोरी हर्कमान गुरुङको बुहारी गणेश मान गुरुङको पत्नी नवलपरासी (ब.सु.प) जिल्ला कावासोती न.पा. वडा नं. १३ बस्ने **सीता देवी गुरुङ** (ना.प्र.नं. : ७४२८७ गोरखा, जारी मिति र जिल्ला : २०५६/०९/२६, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)) |
| २) उमेश सिं गुरुङको नाति हर्कमान गुरुङको छोरा नवलपरासी (ब.सु.पू.) जिल्ला कावासोती न.पा. वडा नं. १३ बस्ने **गणेश मान गुरुङ** (ना.प्र.नं. : ११९५ गोरखा, जारी मिति र जिल्ला : २०४५/०२/१६, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)) |
| ३) बल बहादुर गाहाको छोरी इश्वर वहादुर सारुको बुहारी रिम वहादुर सारु मगरको पत्नी नवलपरासी जिल्ला नरम वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प) जिल्ला कावासोती न.पा. वडा नं. १३ बस्ने **दुमिसरा सारुमगर** (ना.प्र.नं. : ३६२०२०/५३९, जारी मिति र जिल्ला : २०७०/१२/१७, नवलपरासी) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**

# ‘बलिदान’ अमेरिकाको एएमसी चेनमा प्रदर्शन हुने



**काठमाडौं/मस-** यस वर्षको दसैंको फूलपातीको दिन अर्थात् असोज १३ गतेदेखि रिलिज हुन लागेको नेपाली फिल्म ‘बलिदान’ले अन्तर्राष्ट्रिय बजारमा ऐतिहासिक उपलब्धि सुनिश्चित गरेको छ। अभिनेता समीर भट्टको प्रमुख भूमिका रहेको यो फिल्म पहिलोपटक अमेरिकाको सबैभन्दा ठुलो मल्टी-सिनेमा चेन एएमसीमा प्रदर्शन हुँदै छ। यसअघि कुनै पनि नेपाली चलचित्रले एएमसीमा प्रवेश पाउन सकेको थिएन।

निर्देशक तथा अभिनेता सन्तोष सेनका अनुसार ‘बलिदान’ अमेरिकाभरका २ सयभन्दा बढी हलमा एक हजारभन्दा बढी सोसहित रिलिज हुनेछ। एएमसी मात्र नभई सिनेमार्क, मार्कस, र रेगल जस्ता अन्य प्रतिष्ठित अमेरिकी मल्टिप्लेक्स चेनहरूले पनि फिल्म प्रदर्शन गर्न सहमति जनाइसकेका छन्। उनले यसलाई नेपाली फिल्म उद्योगकै लागि ऐतिहासिक क्षण भएको बताए।

फिल्मको कथा र टिजर सार्वजनिक भएसँगै नेपालभित्र मात्र नभई विदेशस्थित नेपाली समुदायबीच पनि उत्साह बढेको देखिएको छ। व्यापारिक सम्भावनाका हिसाबले पनि यसलाई हालसम्मकै सबैभन्दा ठूलो स्तरको प्रदर्शन मानिएको छ।

‘बलिदान’मा समीर भट्टसँगै सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा, कविता राय, हेमन्त बुढाथोकी, प्रेम पुरी, सन्तोष सेन, कामेश्वर चौरासिया, प्रजल दुलाललगायत कलाकारको अभिनय रहेको छ। स्टार कास्ट र बलियो प्रस्तुतीकरणकै कारण यस फिल्मले बक्स अफिसमा ठुलो सफलता पाउने निर्देशक सेनको विश्वास छ।

आशुसेन फिल्म्सको ब्यानरमा बनेको चलचित्रलाई पवन ब्राडफोर्ड बिष्टले निर्माण गरेका हुन् भने प्रेम पुरी कार्यकारी निर्माता रहेका छन्। दर्शन जीको लेखन, महेश पौडेलको छायांकन (डीओपी), सुजन चापागाईंको संगीत, साथै स्टन्डर साम र श्री श्रेष्ठको द्वन्द्व निर्देशन यसमा समावेश छ।

नेपालमा दसैंको फूलपातीको विशेष अवसर पारेर रिलिज हुन लागेको यो चलचित्रले अमेरिकामा मात्र होइन, अन्य मुलुकमा पनि दर्शक आकर्षित गर्ने अपेक्षा गरिएको छ। हलमा प्रदर्शन सुरु हुनुअघि नै निर्माण पक्षले पाएको सकारात्मक प्रतिक्रिया र विदेशी वितरकहरूको उच्च चासोले नेपाली फिल्म अन्तर्राष्ट्रिय बजारमा बलियो उपस्थिति जनाउन सक्ने सम्भावना देखाएको छ।

# ‘हरिबहादुरको जुत्ता’को गीत ‘ढाका टोपी शिरैमा’ सार्वजनिक



**काठमाडौं/मस-** अभिनेता हरिवंश आचार्यको शीर्ष भूमिका रहेको फिल्म ‘हरिबहादुरको जुत्ता’को दोस्रो गीत सार्वजनिक गरिएको छ। ‘ढाका टोपी शिरैमा’ बोलको यो गीत सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममा युट्युबमार्फत सार्वजनिक गरिएको हो।

लोकलयमा आधारित यस गीतमा दीपक शर्माको संगीत, दानबहादुर कार्कीको शब्द तथा आशिष अविरल र मेलिना राईको स्वर रहेको छ। भिडियोमा फिल्मका मुख्य कलाकार प्रकाश सपुत र स्वस्तिमा खड्काको आकर्षक नृत्य देख्न सकिन्छ भने केही अंशमा हरिवंश आचार्य पनि उपस्थित छन्। किरण थापाको कोरियोग्राफीमा बनेको गीतमा प्रेम, रोमान्स र रमाइला नोकझोंकका दृश्य प्रस्तुत गरिएको छ।

गीत सार्वजनिक हुनुअघि हरिवंश, प्रकाश र स्वस्तिमा सामाजिक सञ्जालमार्फत लाइभमा आएका थिए। त्यहाँ हरिवंशले आफ्नो आइकोनिक पात्र ‘हरिबहादुर’को चर्चा गर्दै यसपटक फिल्ममा दर्शकले नयाँ स्वाद पाउने बताए। उनका अनुसार, ५२ एपिसोडसम्म चर्चित बनेको ‘हरिबहादुर-मदनबहादुर’ सिरिजकै पात्रलाई फिल्ममा ढाल्दा सुरुमा शंका लागे पनि अन्ततः पात्र फिल्मलाई सुहाउने खालको बनेको छ।

अभिनेत्री स्वस्तिमा खड्काले सिरिजका दर्शकलाई फिल्मले पनि उत्तिकै आकर्षित गर्ने विश्वास व्यक्त गरिन्।

गायक तथा अभिनेता प्रकाश सपुतले भने आफू सानैदेखि ‘मह’ सिरिज हेरेर हुर्किएको स्मरण गरे।

फिल्ममा हरिवंश, प्रकाश र स्वस्तिमासँगै प्रियंका कार्की, दिव्यदेव पन्त, हरिहर शर्मा, राजाराम पौडेल, दिनेश काफ्ले, कमलमणि नेपाल, किरण केसीलगायतका कलाकारको अभिनय रहेको छ।

फिल्मको छायांकन कृष्ण थापाले गरेका छन् भने सम्पादन नहकुल खड्काले गरेका हुन्। दीपेन्द्र के. खनालको निर्देशनमा बनेको यस फिल्मलाई एसएम मोसन पिक्चर्सको ब्यानरमा सरोज ओली र मोहितवंश आचार्यले निर्माण गरेका हुन्।

यसअघि सार्वजनिक भएको फिल्मको पहिलो गीत ‘बेला बितेसी’ युट्युबमा २० लाखभन्दा बढी पटक हेरिएको छ र यसकै भरमा २ लाखभन्दा बढी टिकटक भिडियो बनेका छन्।

‘हरिबहादुरको जुत्ता’ आगामी असोज १३ गते (दसैंको फूलपाती)देखि देशभर प्रदर्शनमा आउने तयारीमा छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/१२/०७ मा दर्ता भएको **प्रा.लि. नं. १२०८०४** को श्री **पिक एभरेष्ट ट्राभल्स एण्ड टुर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०९/११ मा दर्ता भएको **प्रा.लि. नं. २८०५७८** को श्री **कार्तिक ट्रेडर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०८/१२ मा दर्ता भएको **प्रा. लि. नं. २०३२७४** को श्री **विजय रोशन कन्ट्रक्सन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (२) को खण्ड (च) बमोजिम स्वच्छिक खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## Marsyangdi Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhulbhule, Lamjung**
**Gandaki Province, Nepal**

## Invitation for Bids

**(First Date of Publication: 2 nd September 2025 (2082-05-17)**

1. The Marsyangdi Rural Municipality invites **only electronic bids** from bidder from eligible bidders for the following projects under National Competitive Bidding procedures mentioned in the table below.

| S.No. | Contract ID | Description of Work | Estimated Amount Without VAT & Contingency and with PS (NRs.) | Bid Security Amount/ Validity | Bid Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | 02/MRM/ NCB/ ROAD/2082-83 | Upgrading of Khudi-Simpani-Bhalamchaur-Ghalegaun Road | 86,30,433.81 | 250000/120 Days | 90 days | 3000 |
| 2 | 03/MRM/ NCB/2082-83 | Construction of Teen Taghring Drinking Water Supply Project | 34,22,992.69 | 100000/120 Days | 90 days | 3000 |
| 3 | 04/MRM/ NCB/2082-83 | Construction of Khudi Khola Embankment Works | 1,72,27,421.06 | 500000/120 Days | 90 days | 3000 |
| 4 | 05/MRM/ NCB/2082-83 | Upgrading of Bhulbhule-Simalchaur-Bhusme-Ringtang Road | 43,16,218.49 | 125000/120 Days | 90 days | 3000 |

| | |
|---|---|
| Deadline for Bid Submission | **2082-06-22 (8th October 2025) till 12:00 Noon** |
| Date Time and Location for Bid Opening | **2082-06-22 (8th October 2025) 13:00 at Office Premises** |
| Account Details for Bid Document | Name of the bank: Himalayan Bank Limited, Bhulbhule,<br>Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule Lamjung,<br>**Office Account Number: 25756351950147** |
| Account Details for Bid Security Deposit | Name of the bank: Himalayan Bank Limited, Bhulbhule,<br>Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung,<br>**Office Account Number: 25756351950098** |

2. Eligible Bidders may obtain further information at the office of Marsyangdi Rural Municipality or may contact 9856079335 and inspect the bidding documents should visit E-procurement section of PPMO's web Site **http://www.bolpatra.gov.np/egp**.
3. Matters not covered above shall be as per the latest amendment of Public procurement Act and its Regulation.

**ChiefAdministrative Officer**


**यूएईमा रोजगार**

कम्पनी: **PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.** शहर : **UAE**
पूर्व स्वीकृत मिति: २०८१/११/१८ चलानी नं.: ६०२३३८१३ **L.T. No.: 319557** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 154 | 0 | स. काममा दक्ष | 800 | ३०,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २४ गते (9 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 1343/074/075
**AL JAZEERA OVERSEAS PVT. LTD.**
Samakhusi, Kathmandu, Nepal, Tel: 4970605,4952379, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np



**युएईमा रोजगार**

कम्पनी : **GLOBAL LINK REACH POSS GENERAL SECURITY SERVICES L.L.C** शहर : **UAE**
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ चलानी नं.: ६०२४४१७७ LT. No.: 330344

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 17 | 0 | स. काममा दक्ष | 1500 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SERVEU** शहर : **DUBAI** पूर्व स्वीकृत मिति: २०८१/०९/११ चलानी नं.: ६०२३०३०३ LT. No.: 316051 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 124 | 2 | स. काममा दक्ष | 1000 | ३८,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २४ गते (9 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SGMC Gov. Lic No. 1219/074/075
**SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.**
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457 Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Mobile : 9851235143, 9803636760, 9841136727, 9869120271, 9844064089, 9840974007, 9841468330.



**UAE मा रोजगार**

कम्पनी : **PRIME LINK FOR TRANSPORTATION** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ चलानी नं.: ६०२४४१६४ **L.T. No.: 330372**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LIGHT VEHICAL DRIVER | 5 | 0 | स. काममा दक्ष | 2000 | ७६,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २४ गते (9 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**सुगम ओभरसिज प्रा. लि.** इजाजत पत्र नं. ८३८/०६६/०६७
SUGAM OVERSEAS PVT. LTD.
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam1@gmail.com | Web: www.sugamoverseas.com.np



**युएईमा रोजगार**

कम्पनी: **UNITED SECURITY GROUP - SOLE PROPRIETORSHIP LLC** शहर: **ABU DHABI**
पूर्व स्वीकृत मिति: २०८२/०३/१० चलानी नं.: ६०२४००३१ **L.T. No.: 326017** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 31 | 24 | सम्बन्धित काममा दक्ष | 2000 | ७६,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - SIRA | 23 | 0 | | 1200 | ४६,००८ | | | | | | | |

**अन्तर्वार्ता बाजेको सेकुवा पोखरा कास्कीमा २०८२ भदौ २७ गते (12 September 2025) मा हुनेछ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २८ गते (13 September 2025) मा हुनेछ।**
**अन्तर्वार्ता सिपी होटेल विर्तामोड झापामा २०८२ भदौ ३१ गते (16 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SUN LIGHT HUMAN RESORUCE PVT. LTD.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३, 9802341585, 9700558336, 9864827296.


## नबिल बैंक लिमिटेड, कालिमाटी शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचनाल गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति: २०८२/०५/१७)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८२/०१/२८ को नेपाल समाचारपत्र पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा कालिमाटी शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (कालिमाटी शाखा, काठमाडौं)**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१०/२९ मा दर्ता नं. २५५६९०/०७७/०७८ अन्तर्गत दर्ता भएको **डि. लाइफ मल्टीपर्पोज प्रा.लि.।**
ठेगाना : ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १७, ग्वार्को।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. भाइकाजी श्रेष्ठकी छोरी बाबु काजी श्रेष्ठकी बुहारी केशव काजी श्रेष्ठकी श्रीमती ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ५६३ (जारी मिति: २०३०/१०/०८, स्थान ललितपुर) भएकी **रजनी श्रेष्ठ।**
२. बाबु काजी श्रेष्ठको नाति केशव काजी श्रेष्ठको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २२ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ६२८५ (जारी मिति: २०६०/०८/१६, स्थान काठमाडौं) भएका **प्रणव श्रेष्ठ।**
३. बाबु काजी श्रेष्ठको नाति केशव काजी श्रेष्ठको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २२ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १३ बस्ने, ना.प्र.नं. ३९६०/४१८५ (जारी मिति: २०५५/०२/०७, स्थान काठमाडौं) भएका **ऋषभ श्रेष्ठ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. १३ बस्ने, **रजनी श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा नं. ५, कान्तिपुर कोलोनी, नखिपोट, नक्सा सिट नं. ५म मा अवस्थित कि.नं. १६५ र ४४२ क्षेत्रफल क्रमश २-१-१-० र ०-२-३-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा कालिमाटी शाखा, काठमाडौं** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०५/३१ गते ३:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा कालिमाटी शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०६/०१ गते ३:०० बजे बैंकका **कालिमाटी शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **कालिमाटी शाखा, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१


**कुवेत र ओमनमा रोजगार**

कम्पनी: **ANGEL TOP LADIES BEAUTY SALON** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ चलानी नं.: ६०२४४१९० **LT. No.: 330343**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 150 | ६९,१४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **ANWAR KAIFAN FOR GENERAL TRADING AND CONTRACTING** शहर: **MUSCAT**
